अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान

ABHIYAN WEEKLY साप्ताहिक

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : ६ / २०८३ भदौ १२ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Aug. 28, 2026 / मूल्य रू. १०/-

## बालेन सत्तामा रहेपनि सत्ताबाहिर जस्तो किन ?

काठमाडौ । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र त्यही विरोध प्रदर्शनमाथि भएको दमनलाई देखाएर भाद्र २४ गते भएको विध्वसात्मक कार्यको जगमा टेकेर २०८२ फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएको छ । तर, दुई तिहाई नजिकको रास्वपा नेतृत्वको बालेन साह सरकार एक्लै अगाडि बढ्न खोजेको हुनाले ऊ संस्था विनाको सरकार जस्तो भएको छ ।

नेपालको संविधानले व्यवस्था गरेनुसार गठन भएका सम्वैधानिक निकायहरूलाई समेत बालेन सरकारले आफ्नो सरकारको अङ्ग जस्तो व्यवहार गरेको हुनाले सम्वैधानिक निकायहरु समेत निस्क्रिय जस्ता भएका छन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोग लोकसेवा आयोग निर्वाचन आयोग राष्ट्रिय मानवअधिकार आयोग लगायतका आयोगहरूले

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## अहिलेकै अवस्थामा एमालेमा नेतृत्व परिवर्तन सम्भव होला ?

काठमाडौ । संघीय संसदको तेस्रो ठुलो दल नेकपा एमालेभित्रको नेतृत्व पुर्नगठनको मुद्दा प्रक्रियागतमा असहज देखिएको छ । पार्टी पुर्नगठनको लागि विधान महाधिवेशन र महाधिवेशन प्रतिनिधि परिषद्मा जान केन्द्रीय कमिटीले निर्णय गर्नुपर्ने हुन्छ ।

पछिल्लो समयमा पार्टी अध्यक्ष केपी ओलीलाई अध्यक्ष पद त्याग्न पार्टीका वरिष्ठ नेताहरूले नै दवाव दिँदै आएका छन् । यहाँनेर प्रश्न उठ्न सक्छ के पार्टी भनेको अध्यक्ष मात्र हुन् कि सिंगो कमिटी नै हो ? पार्टीको नेतृत्व महाधिवेशनबाट नै निर्वाचित भएको हुनाले नेतृत्वलाई हटाउन पनि महाधिवेशनले मात्र सक्छ ।

>>> बाँकी ८ पेजमा

## एक पटकको बहुमत सँधैका लागि होइन

### भाद्र २३ गतेको विरोध प्रदर्शनमा सुधन गुरुङले किन भने पानी बाँड्न आएको भनेर !



**देवेन्द्र चुडाल**

काठमाडौ । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र त्यस प्रदर्शनमा भएको दमनको विरूद्धमा भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य भयो । त्यही कारणले गर्दा तत्कालिन नेकपा एमालेका अध्यक्ष केपी ओलीले प्रधानन्त्रीबाट राजिनामा दिन बाध्य भए । प्रधानमन्त्रीले राजिनामा दिइसकेको भएपनि विध्वसात्मक विध्वसात्मक कार्यहरु भए ।

सो दिन सिंहदरबार, सर्बोच्च अदालत, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, कांग्रेस, एमाले लगायतका दलका शिर्ष नेताहरूका निजी निवास केही व्यावसायिक भवन, भाटभटेनीलगायत धेरै सरकारी भवनहरूमा आगजनी भयो । यसरी नेपालको इतिहासमै एकै दिन झण्डै एकै समयमा यतिधेरै सरकारी भवन र व्यावसायिक भवन अनि राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवासमा आगजनी हुनु सामान्य विषय होइन । अघिल्लो दिनको विरोध प्रदर्शनमा भएको दमन र गोली प्रहार भएको विषयलाई लिएर एकै दिनमा यति ठुलो विध्वसात्मक कार्य हुन सक्दैन ।

२०८२ भाद्र २७ गते सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई संविधान विपरित प्रधानमन्त्रीमा नियुक्त गरियो । कार्की प्रधानमन्त्रीमा नियुक्त गर्न नेपाली सेना, तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साह र भाद्र २३ गतेको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने हालका गृहमन्त्री सुधन गुरूङसहितका व्यक्तिहरूको सिफारिसमा कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको थियो ।

कार्की नेतृत्वको सरकारले भाद्र २३ र २४ गतेको घटनाको छानविन गर्न गौरीबहादुर कार्कीको नेतृत्वमा छानविन समिति बनाएको भएपनि गौरीबहादुर कार्की पहिला देखि नै तत्कालिन ओली नेतृत्वको सरकारका विरूद्ध विभिन्न खालका स्टाटस लेख्दै आएका थिए । तिनै विवादास्पद व्यक्तिलाई नै छानविन समितिको नेतृत्व दिनु कार्की सरकारको गम्भीर गल्ती रहेको थियो । गौरी बहादुर कार्कीका स्टाटसहरु तत्कालिन प्रधानमन्त्री ओलीका विरूद्ध हुने गरेकाले उनले भाद्र २४ गतेको घटनाको अनुसन्धान र छानविन नै नगरि सुशिला कार्की नेतृत्वको सरकारलाई अधुरो प्रतिवेदन बुझाएका थिए । सो प्रतिवेदनमा भाद्र २४ गतेको घटनाको छानविन र अनुसन्धान हुनुपर्ने उल्लेख गरिएको भएपनि आजसम्म त्यो प्रतिवेदन नत सार्वजनिक गरिएको छ नत छानविन समिति नै बनाइएको छ ।

भाद्र २३ र २४ गतेको घटनाको सत्यतथ्य बाहिर ल्याउने प्रयास अहिलेसम्म रास्वपा नेतृत्वको बालेन सरकारले समेत गरेको छैन । त्यसको एउटै कारण

>>> बाँकी ८ पेजमा

## जेनजीहरूको विरोध प्रदर्शनको प्रभावले बालेन प्रधानमन्त्री !

काठमाडौ । नेपालको राजनीतिमा अहिले एउटा विषय बहसको केन्द्रविन्दुमा रहेको छ । त्यो हो पुराना भनेका खत्तम हुन् र नयाँ भनेका दलहरु राम्रा हुन् भन्ने भाष्य विकास गरिएको छ । वास्तवमा त्यो भाष्यमा कुनै बैज्ञानिक आधार देखिँदैन । पुराना भएिका नेपालका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टीहरूले नै नेपाललाई आजको अवस्थामा ल्याई पुऱ्याएका हुन् ।

उनीहरूको देन ठुलो रहेको छ । तर नयाँ भनिएको रास्वपाले नै अहिले सत्ता सञ्चालन गरिरहेको छ भने उसको संसदमा झण्डै दुई तिहाईको मत रहेको छ । रास्वपाले आफ्नो बुत्ताले झण्डै दुई तिहाई मत ल्याएको

>>> बाँकी ८ पेजमा

## भाद्र २३ र २४ को विध्वंसको जिम्मेवारी रास्वपाले लिने कि ?

काठमाडौ । २०८२ फागुन २१ गते सम्पन्न भएको संसदको निर्वाचनमा नराम्रोसँग पराजित भएका पुरना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र तत्कालिन माओवादी केन्द्र (हालको नेपाल कम्युनिष्ट पार्टी) नराम्रोसँग पराजित भएपछि यी तिनै पार्टीभित्र विवाद उत्पन्न भएको छ । नेपाली कांग्रेसले गगन थापालाई विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित गरेपछि कांग्रेसका तत्कालिन सभापति शेरबहादुर देउवा पक्षले त्यसलाई अस्वीकार गरिरहेका छ भने कांग्रेस विभाजनको डिलमा पुगेको छ ।

नेकपा एमालेभित्र समेत केही विवाद उत्पन्न भएको छ । निर्वाचनमा पराजित भएपछि पार्टी अध्यक्ष केपी ओलीले पद छाड्नुपर्ने आवाज एमालेभित्र उठिरहेको छ । पार्टीको नेतृत्व अध्यक्षले गर्ने भएकाले निर्वाचनमा पराजित भएकाले त्यसको जिम्मेवारी अध्यक्षले लिनुपर्ने एकथरीले उठाइरहेका छन् । वास्तवमा त्यस्तो होइन पार्टी निर्वाचनमा पराजित भएपछि अध्यक्षले मात्र पद छाड्नुपर्ने होइन समग्र केन्द्रीय समिति नै त्यसमा जिम्मेवार हुनुपर्दछ । एउटा व्यक्तिले मात्र जिम्मेवारी लिनुपर्ने हो भने अन्य पदाधिकारीहरूको हैसियत के नि ?

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यलाई टेकेर रास्वपाले झण्डै

>>> बाँकी ८ पेजमा

## २०८२ भाद्र २३ र २४ गतेको घटनाको फाइदा रास्वपाले लिएको हो ?

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत पाएपछि पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टीभित्र तिव्र विवाद बढेको छ । संघीय संसदमा झण्डै दुई तिहाईको मत रहेकाले रास्वपाले अन्य राजनीतिक दल र संसदमा उपस्थित रहेका दलहरूलाई समेत वेवास्ता गर्दै झण्डै दुई तिहाई मतको समेत अपमान गर्न थालेको छ ।

संसदबाट प्रधानमन्त्रीमा नियुक्त भएका रास्वपाका वरिष्ठ नो समेतरहेका प्रधानन्त्री साहले संसदीय परम्परालाई उल्लंघन गर्दै




संसदलाई छल्दै आएका छन् भने उनले गत जेष्ठ १७ गते संसदको रोष्ट्रममा उभिएर भारतले मात्र होइन `नपालले पनि भारतको भूमि मिचेको रहेछ सो कुरा मैले प्रधानमन्त्री भएपछि मात्र थाहा पाएको छु भन्ने अभिव्यक्ति दिएका थिए । किन आफूलाई प्रधानमन्त्री बनाउने संसदलाई झुठ बताउनु सकिन्छ र ?

मुलुकका प्रधानमन्त्रीले नै आफ्नो देशले विदेशको भूमि मिचेको रहेछ भन्ने अभिव्यक्ति संसदमा दिने प्रधानमन्त्री बालेनले नै पहिलो पटक व्यक्ति होलान् ? उनले नेपालले कहाँ कति भारतको भूमि मिचेको रहेछ त्यसको

>>> बाँकी ८ पेजमा

## जनतालाई झोलेको उपनाम दिन बन्द गर बालेन

काठमाडौ । २०८२ फागुन २१ गते संघीय संसदको निर्वाचन पछि नयाँ र पुराना दलहरूको बहसले राजनीतिक विचार विषयलाई टाढा पुऱ्याएको छ । मुलुकको अर्थतन्त्र कसरी सुधार गर्ने, शिक्षा स्वास्थ्यलाई कसरी गुणस्तरीय बनाउने र शासन व्यवस्थालाई कसरी प्रभावकारी बनाएर जनतालाई सेवा सुविधा दिने भन्ने प्रश्नहरु ओझेलमा पारिएको छ । रास्वपा नेतृत्वको बालेन सरकारले जनतालाई डेलिभरी दिन सकेको छैन भने प्रधानमन्त्री बालेन साह भने प्रायः प्रत्येक दिन एउटा दुईटा वा तीन वटा सम्म स्टाटस लेखेर पुराना दल र तिनका नेताहरूलाई गाली गलौज गर्नै व्यस्त रहेका छन् ।

बालेन रास्वपाको वरिष्ठ नेता समेत रहेका र बालेन पक्षका समर्थकहरूले बालेनका



स्टाटसहरु बाटै त्यसैलाई आदेश मानेर पुराना भनिएका दलका नेता तथा कार्यकर्ताहरूलाई गाली गलौजा गरिरहेका छन् । विश्वका कुनै पनि देशमा नयाँ शक्ति उदाउनु र पुराना शक्तिहरूले चुनौतीको सामना गर्न सामान्य प्रक्रिया भएपनि हामीकहाँ भने त्यसलाई घमण्ड र दम्भको रूपमा हेरिएको छ । पुराना राजनीतिक दलहरूले केही गरेनन् भन्ने भाष्य बालेन साहले सिर्जना गरेका हुनाले उनका समर्थकहरूले त्यसैलाई पुराना दलका नेताहरूलाई गाली गलौज गर्ने गरी हतियारका रूपमा प्रयोग गरिरहेका छन् ।

यदि कुनै नयाँ वा बैकल्पिक शक्तिपनि व्यक्ति केन्द्रीत राजनीतिक, लोकप्रियतावाद र तत्कालिन प्रतिक्रियामा सिमित रहन्छ भने त्यसले पुरानो राजनीतिक संस्कृत्तिलाई प्रोत्सहन होइन केबल नयाँ अनुहारमा पुरानै प्रवृत्तिमात्र हो । त्यसैले वास्तविक विकल्पको मापदण्ड दल कति नयाँ छ भने मुख्य आधार होइन, उसको राजनीतिक विचारमा कति नयाँ छ । उसको संस्कार कस्तो छ उसले जनतालाई गर्ने व्यवहार कस्तो छ ? कार्यसम्पादन कस्तो छ भन्ने मुख्य विषय हुन् ।

रास्वपाले आफूलाई नयाँ राजनीतिक दल भने पनि उसलाई नयाँ राजनीतिक दल स्वीकार गर्न सकिने अवस्था छैन । छोटै समयका लागि भएपनि पहिला नै रास्वपाका सभापतिलगायतका केही व्यक्तिहरु मन्त्री भैसकेका र उनको पार्टीका सांसदहरु समेत मन्त्री भैसकेका व्यक्ति हुन् ।

>>> बाँकी ८ पेजमा

## चिनियाँ दुतावासको फरक दाबी, आरोपले केही मद्दत गर्दैन !

काठमाडौँ । नेपालस्थित चिनियाँ दूतावासले रसुवागढी-केरूङ (ग्याइरोङ) सीमा क्षेत्रमा भएको प्राकृतिक विपत्तिका सम्बन्धमा नेपालमा फेलिएका केही सूचनाहरूलाई 'भ्रामक' (फेक न्यूज) को संज्ञासहित स्पष्टीकरण दिएको छ ।

दूतावासले एक विशेष पोस्टमार्फत चीनतर्फको बाँध (ड्याम) भत्किएर नेपालतर्फ क्षति भएको र चीनले पूर्वसूचना नदिएको भन्ने दाबीलाई पूर्ण रूपमा अस्वीकार गरेको हो । दूतावासले यस्ता समाचारलाई 'फेक न्यूज' भन्दै त्यसको खण्डन गरेको छ ।

दूतावासको दावीअनुसार अगस्ट २६ को बिहान नेपालतर्फ नै भूकम्प वा भूकम्पजस्तै

>>> बाँकी ८ पेजमा

# बाढीले सडकमा कम्तीमा २० अर्बको क्षति

## ३२ पक्की पुल बगायो, गल्छी-रसुवा सडक ध्वस्त

चिनियाँ भूमिबाट आएको बाढीले बुधबार बिहान रसुवाबाट प्रवेश गर्दै सडकतर्फ ठुलो क्षति पुऱ्याएको छ । तिब्बतमा हिमचट्टान पहिरो गएपछि ल्हेन्दे खोला हुँदै त्रिशूलीसम्म आएको विनाशकारी बाढीले पृथ्वी राजमार्ग अवरूद्ध छ भने गल्छीदेखि रसुवासम्मको सडक ध्वस्त भएको छ ।

बाढीले रसुवा नाकादेखि मलेखुसम्मका करिब सबै पक्की पुल बगाएको छ । सडक विभागका प्रवक्ता शुभराज न्यौपानेले रूसुवा नाकादेखि मलेखुसम्म भएका करिब सबै पक्की पुल बगेको बताए । त्यसमा न्यूनतम ३२ वटा पक्की पुल बगाएको पुष्टी भइसकेको उनको भनाइ छ । योबाहेक ससाना खोलामा भएका मोटरेबल पुल पनि बगाएको उनको भनाइ छ ।







'रसुवा नाकादेखि मलेखुसम्मका सबै पुल बगाएको छ । त्यसमा ३२ पक्की पुल बगाएको पुष्टी भइसकेको छ । यो संख्या अझै बढ्ने देखिन्छ । यही बाढीका कारण सहायक खोलामा भएका ससाना पुल पनि बगाएका छन्, ' उनले भने, 'तर, हामी अझै क्षतिग्रस्त स्थानमा पुग्न सकेका छैनौँ । यो संख्या अझै बढ्न सक्छ ।'

विभागले सडक तथा पुलमा २० अर्ब रूपैयाँबराबरको क्षति भएको प्रारम्भिक अनुमान गरेको छ । यद्यपि, यो आँकडा अझै बढ्न सक्ने विभागका प्रवक्ता न्यौपानले बताउँछन् । 'हामीले प्रारम्भिक रूपमा सडक पूर्वाधारमा २० अर्ब रूपैयाँको क्षति पुगेको अनुमान गरेका छौँ । क्षतिको विवरण संकलन गर्ने काम भइरहेको छ,' उनले भने, 'यो नै अन्तिम तथ्यांक होइन ।'

बाढीले पश्चिम नेपालबाट काठमाडौं आउजाउ गर्न प्रयोग हुने पृथ्वी राजमार्ग अवरूद्ध भएको छ । रसुवा क्षेत्रमा बाढी आएसँगै चितवन-मुग्लिङ-काठमाडौं सडक यातायात वन्द गरिएको थियो । पछि बाढी आएपछि पृथ्वी राजमार्गको धादिङस्थित बैरेनी-गल्छी सडक क्षतिग्रस्त भएको छ । बुधबार साँझ ८ बजेसम्म अवरूद्ध उक्त सडक खुलेको छैन । बुधबार रातभरमा पृथ्वी राजमार्ग खुलाउने गरी काम भइरहेको सडक विभागका प्रवक्ता शुभराज न्यौपानेले बताए । बाढीले त्रिशूली नदीकिनारमा रहेको ८२ किमि गल्छी-स्याफ्रुबेँसी-रसुवा सडक ध्वस्त भएको छ । पृथ्वी राजमार्गबाट सुरू भएर यो बाटो चिनियाँ नाकासँग सोझै जोडिन्छ । चीनसँगको व्यापारमा यो सडक निकै महत्वपूर्ण मानिन्छ । तर, त्रिशूली नदीमा आएको उच्च बहावसहितको बाढीले सडकलाई क्षतिग्रस्त बनाएको सडक विभागका प्रवक्ता शुभराज न्यौपानेले बताए ।

अहिले सडक विभागसँग सातवटा मात्रै बेलिब्रिक स्टकमा छ । कुनै ठाउँमा पक्की पुल बगाएमा औसत १५ दिनमै बेलिब्रिज जडान गरेर यातायात सेवा सञ्चालन गर्न सकिन्छ । तर, बाढीले ३० भन्दा बढी पुल बगाउँदा विभागसँग सातवटा मात्रै स्टकमा छ । त्यसमा पनि ५० मिटरसम्मका मात्रै बेलिब्रिज छन् । अहिले परिस्थितिमा त्यो निकै कम भएको सडक विभागका अधिकारीहरु बताउँछन् ।

**यी हुन् बाढीले बगाएका पुल**

रसुवा : मितेरी, भोटेकोशी (चिलिमे), चिलेमे खोला, स्याफ्रुबेँसी, त्रिशूली नदी, भोटेकोशी नदी, खाल्टे, बेत्रावती ।

नुवाकोट : त्रिशूली नदी (तुप्चे), त्रिशूली नदी पुल (त्रिशूली बजार), त्रिशूली नदी नयाँ (त्रिशूली बजार), त्रिशूली नदी (सिमचौर), सस्पेन्स बिज्र (देवीघाट), त्रिशूली नदी (देवीघाटनजिक), तान्डी खोला (देवीघाट), तान्डी खोला नयाँ (देवीघाट), त्रिशूली नदी (श्रीखाली), त्रिशूली नदी (बुद्धसिंहघाट), त्रिशूली नदी (रातमाटे), त्रिशूली नदी (केउरिनी) ।

धादिङ : त्रिशूली नदी (नयाँ गल्छी), त्रिशूली नदी (जरे बगैँचा), त्रिशूली नदी (घाटबेँसी), त्रिशूली नदी (मलेखु, फुर्केखोला) ।

# Pashtuns: judged, bombed and blamed

**Dr Zafar Khan Safdar**


There is a cruel irony in the story of Pakistan's Pashtun belt. For nearly half a century, it has carried the weight of wars it did not start, absorbed populations it did not create and endured violence it did not choose, only to find itself judged for the consequences. Since the Soviet invasion of Afghanistan in 1979, Pashtun-majority areas have moved from one crisis to another, becoming a refuge for millions of Afghans, a frontline of the Afghan jihad, a battleground in the War on Terror and later a target of militancy and counterterrorism. Those who opened their homes to refugees and bore the costs of successive geopolitical storms were too often treated not as victims of history, but as suspects in it.

The tragedy is not simply that the Pashtun suffered from war. It is that war repeatedly became a substitute for development, security became the dominant language of governance, and an entire population was left to live with the consequences long after those who shaped these conflicts had moved on. What began as wars across the border gradually became a permanent condition of life on this side of it.

Khyber Pakhtunkhwa subsequently endured the rise and fall of the Taliban, the post-2001 War on Terror, expanding militancy and counter-militancy, drone strikes, military operations, displacement and suicide attacks on markets, mosques, schools, police stations and even funeral processions. For millions of Pashtuns, war was never a distant headline. It entered their villages, homes and families.

For more than two decades, the Pashtun has paid for Pakistan's wars in blood. Since 2000, tens of thousands have been killed across KP and the former tribal areas, while millions have experienced displacement, insecurity and economic disruption. In 2025 alone, KP accounted for 2,331 violence-linked deaths, more than 68 percent of the national total. Yet an extraordinary inversion persists. The Pashtun is too often seen as the terrorist rather than the victim, the threat rather than the sacrifice, and the problem rather than a people who have paid one of the highest prices for Pakistan's security.

This perception has deep roots. British colonial rule portrayed the frontier as violent, unruly and difficult to govern, using exceptional laws and a separate administrative system to control it. The Frontier Crimes Regulation became its clearest expression, institutionalizing unequal treatment. Independence did not erase the stereotype. Elements survived in the postcolonial state, shaping how Pashtuns were policed, their political demands interpreted and their regions governed. Even constitutional rights could be framed as defiance, questions about missing persons as suspicion, and protests against violence as tests of loyalty.



The deeper injustice, however, is economic. Khyber Pakhtunkhwa is not without industrial investment. Economic zones in Hattar, Gadoon, Jalozai and Rashakai have generated employment and investment, with more than 1,200 operational industries and over 109,000 jobs reported by the provincial economic zones authority. But the real question is whether this opportunity matches the province's population, labour force, development needs and extraordinary security burden. It plainly does not. For decades, KP has absorbed the human cost of conflicts shaped far beyond its villages and valleys while producing soldiers, police officers and Frontier Corps personnel for the country's hardest battles. Its civilians and security forces have buried their dead, its markets and schools have been attacked, and its communities repeatedly displaced. Yet the economic opportunities needed to give its young population a secure and productive future have never expanded at the scale demanded by the burden it has carried.

This is not merely a development question. Poverty, unemployment, insecurity and militancy can reinforce one another where young people find too few legitimate opportunities. A young person needs more than protection from violence. He needs a future worth protecting. Lasting peace therefore requires not only security, but jobs, dignity and hope.


Development in KP is not charity or provincial favour; it is an investment in Pakistan's national security, social cohesion and long-term stability. The sacrifice of Pashtun security personnel also deserves far greater recognition. These are Pashtuns serving in Pakistan's uniform, defending communities, roads and checkpoints in precisely those areas where the threat is greatest. Yet the same community that produces young men willing to die for Pakistan is still too often viewed through a lens of suspicion. The stereotype travels farther than the sacrifice, and the caricature survives where the human story disappears.

Yet the human story is one of resilience. Pashtun families have educated their children, rebuilt homes and businesses after displacement and attacks, and continued sending their sons and daughters to universities and professional careers despite decades of insecurity.

The 2023 census reflects progress in literacy and education, even though substantial disparities remain. A society repeatedly tested by conflict has continued to move forward. Its story is therefore not one of perpetual victimhood, but of endurance, aspiration and an unwillingness to surrender its future to the violence that has surrounded it.

Pashtuns did not choose the wars that turned their homeland into a battlefield, yet they buried their civilians, police officers and soldiers, endured displacement and poverty, rebuilt their communities and continued serving Pakistan. The answer is not special treatment, but equal citizenship; not suspicion, but justice; not ceremonial gratitude at funerals, but opportunity, dignity and rights in life. A nation cannot demand sacrifice from a people while questioning their belonging. If Pakistan truly wants peace and cohesion, it must finally see the Pashtun not as a security problem to be managed, but as an equal citizen to be protected, respected and given a future.

# सपना सबै बगायो भोटेकोशी बाढीले



• राजन कार्की
rajan2012karki@yahoo.com

भदौ १० गते, रसुवा, भोटेकोशी बाढीले समृद्ध नेपाल, शान्त नेपाल, सुशासन सबै बगायो । रसुवा, नुवाकोट, गोरखा, धादिङ बजारलाई बगर बनाइदियो । सरकारमाथि होइन, देशैमाथि भयानक मानवीय संकट आइपरेको छ । आजैका दिन प्रधानमन्त्री बालेन साह संसदमा उभिएर संसदहरूले महिनौंदेखि उठाएका प्रश्नहरूको जवाफ दिन तैयार भइरहेका थिए । एकाएक साँढे ९ नबज्दै बाढीको मृत्युघण्ट बज्यो । सिंगो सरकार बाढीबाट उत्पन्न महाविपत्तिलाई सामना गर्न जुट्न थाल्यो । एकीसमयमै नेपालमा आएको महाविपतको घटना विश्वव्यापी बन्यो ।

भारत, चीन, युरोपियन युनियनले के कस्तो सहयोग चाहियो भनेर प्रधानमन्त्रीसँग वार्ता गरे । २०७२ को महाभूकम्पभन्दा पनि डरलाग्दो भोटेकोशे बाढीले कति धनजनको क्षति भयो भन्ने अनुमान गर्न कैयौं दिन लाग्नेछ । खरवौंको सम्पत्ति बगेर गयो, बगर बन्यो । पुनर्निर्माण गर्न दशकौं लाग्नेछ । नेपालको विकास फेरि धेरै टाढाको विषय बन्नपुग्यो ।

प्रधानमन्त्रीले विपतमा परेका, शोकमा परेका, पीडावोधमा रहेका सबैलाई आश्वासन दिएका छन्– तपाईहरु एक्लो हुनुहुन्न । सरकार तपाईहरूको साथमा छ ।

राम्रो कुरा के भयो भने प्रधानमन्त्री बालेन साहको राजीनामा मागिरहेका, राष्ट्रघाती भनिरहेका सबै राजनीतिक पार्टीहरु सरकारका साथमा उभिएका छन् । सबै मिलेर यो बाढीबाट उत्पन्न महाविपतसँग जुध्न एकढिक्का भएका छन् । जब जब देशमाथि, जनतामाथि महाविपत आउँछ, नेपालका राजनीतिक शक्तिहरु एक ढिक्का हुन तैयार हुनेगर्छन् ।

नेपाल भूराजनीतिको भूमरीमा परेर कता लाग्ने, के गर्ने भन्ने द्विविधिमा थियो । नेपाल दुई महाशक्ति भारत र चीनवीचको जिवन्त साँघु हो नेपाल । रास्वपा र प्रम बालेनले सम्बन्धमा सुधार गर्न नसकेको र राष्ट्रघात गरेको भनेला महिनौंदेखि यो साँघु भूराजनीतिमा ठक्कर खाँदै महाशक्ति निर्भर हुनपुगेको भाष्य परम्परागत पार्टीहरु नेपाली कांग्रेस, एमाले, नेकपाले प्रचार गरिरहेका थिए । शीतयुद्धका समयमा नेपालले असंलग्न परराष्ट्रनीति अपनायो, त्यही अनुसारको आफ्नो परिचय बनायो । सन्तुलनको नीतिले नेपाललाई स्वराज कायम गर्न सघायो पनि । महाशक्तिहरु पनि नेपालको सन्तुलनमै थिए । समयक्रममा २०४६ सालमा बहुदल पुनर्स्थापना भयो र नेपाली दलहरु भारतनिकट हुनपुगे । प्रजातन्त्रवादीसँगसँगै कम्युनिष्टहरु पनि जाज्वल्यमान हुँदै गए र चरमपन्थी र नरमपन्थी कम्युनिष्टहरूको शासन बेहोर्दै चीनतिर बढी ढल्कन पुग्यो । बालेन सरकारमाथि पश्चिमा प्रभाव र दबाब रहेको र उतैको शरणमा परेको आरोप विपक्षीहरूले लगाएता पनि यो सरकार कतातिर ढल्केको भनेर कसैले पनि अहिलेसम्म प्रष्ट पार्न सकेका थिएनन् । आन्तरिक राजनीति र बाह्य विदेशनीतिमा नेपाल नसम्हालिदै भोटेकोशी बाढी आएर नेपाललाई अस्तव्यस्त पारिदिएको छ ।

यो प्राकृतिक विपतको बज्रपात हुँदा मानौं, नेपाल आश्चर्यजनक पीडामा छ । नेपाल सनन्न हुनपुगेको छ । नेपाल अक्क न बक्क भएको छ ।

विश्व प्रगतिको, सामरिक शक्तिको प्रतिस्पर्धामा छ । त्यो प्रतिस्पर्धाको मल्लयुद्ध गर्ने मैदान नेपाल बन्दै छ । यो शताब्दीमा अमेरिका, चीन, भारत र युरोपियन युनियन तथा रूसजस्ता शक्तिहरूका सामु नेपाल भूमिका र अस्तित्वगत संकटको जालोमा फस्दै गएको देखिन्छ । चीनको बीआरआई, अमेरिकाको एमसीसीजस्ता योजनालाई नेपालले नकार्न सक्ने थिएन, नकारेको पनि छैन । नेपाल न भारत विरूद्ध चीनलाई, न चीन विरूद्ध भारत अथवा अमेरिकालाई आमन्त्रण गर्न सक्छ ? केही विज्ञहरु त, एउटा महाशक्तिसँग आर्थिक सम्बन्ध बिस्तार गर्ने र अरूसँग सुरक्षा र सन्तुलन कायम गर्ने चातुर्यता चाहिने बताइरहेका छन् । नेपाल भने राजनीतिक विवादमै छ । यही विवादको टुङ्गो नलाग्दै रसुवा, भोटेकोशी बाढी आयो, त्रिशूली नदीले ताण्डव नृत्य देखायो । नेपाली जनजीवनलाई तहसनहस पारिदियो ।

पहिलोपल्ट सत्ता परिवर्तन भएको थियो । बुढो पुस्तालाई जनताले किनारा लगाएर युवापुस्ताको काँधमा जिम्मेवारी सुम्पेका थिए । ऐतिहासिक रूपमा एउटै पार्टीले बहुमत हासिल गरेको थियो । स्थिरता, विकास, शान्ति र सुशासनका लागि ठूलो अवसर हो तर असफल भइसकेका पार्टीहरु जनादेश प्राप्त पार्टीलाई काम गर्न जसरी पनि अल्झाउने मनस्थितिमा देखिनु नेपालको दुर्भाग्य हो । पुरानाले नयाँलाई हातेमालो गरेको भए नेपाल अगाडि बढ्न र प्रजातन्त्र र जनअसन्तुलन सबै संवोधन गर्न सकिने थियो, जुन अभाव भयो भनिरहेका बेलामा प्रकृतिले नेपाललाई फेरि भुइँमै थचारिदिएका छन् । नेपालले समृद्धीको सपना देख्न अझ लामो समय कुर्नुपर्ने भएको छ ।

नयाँ पुस्ताका काँधमा बगर बनेको जनजीवनलाई लयमा फर्काउने जिम्मेवारी आइपरेको छ । जनतासँग सरकार छ भन्ने विश्वास दिलाउनुपर्ने समय आएको छ । यो दायित्व निर्वाह गर्नु राजनीतिक शक्तिहरूका सामु फलामको च्यूरा चपाएजस्तै चुनौती छ ।

विज्ञ ठानिएका दक्षिण एसियाका ज्ञाताहरूका अनुसार यो क्षेत्रका राजनीतिक सीमाहरु उपनिवेशवादी विरासत मान्छन् । यद्यपि नेपाल अमेरिकाभन्दा पनि जेठा राष्ट्र हो र कहिले पनि कुनै मुलुकको उपनिवेश भएको थिएन । तर उपनिवेशको दबदबाको इतिहास भएको दक्षिण एसियाका प्रभाव त नेपालमा पर्छ पर्छ । परेको छ । जसको दुर्नियति नेपालले भारत स्वतन्त्र भएदेखि नै भोग्दै आएको दुःख हो । यसपल्टको बाढी प्रकोपले नेपाललाई फेरि विश्वसामु हात फैलाउनै पर्ने स्थितिमा ल्याइपुऱ्याएको छ । साधन, स्रोधको कमीले नेपालले खरवौंको क्षतिको भरताल गर्न, पुनर्निर्माण गर्न मुस्किल छ ।

नेपालले विश्वजगतसँग भाइचारा कमाएको छ । यहीकारण विश्वले नेपालको विपतमा साथ र सहयोग गर्न हात बढाएका छन् । ती सहयोगलाई सही तरिकाले उपयोग गर्न सरकारले सक्नैपर्ने छ । सक्छ भन्ने विश्वास सबैले लिएका छन् ।

कसरी नेपाललाई बसमा पार्ने भनेर छिमेकी मात्र होइन, विश्वशक्तिहरु शक्तिको राडारले नेपाललाई हेरिरहेका छन् । भारत र चीनसँग नेपालको राजनीतिक, सांस्कृतिक, सभ्यतागत सम्बन्धको निरन्तरता छ । तथापि भारत स्वतन्त्र भएपछि भारतका मेलिट्री साइन्सका विज्ञहरूले नेपाललाई भारतमा १९५० मै नमिलाएर ठूलो भूल गरेको लेखेका छन् । छिटोभन्दा छिटो त्यो भूल सच्याउनु पर्ने पनि बताएका छन् । सम्भवतः त्यही नीतिअनुसार भारतले नेपालमाथि व्यवहार गर्दै आएको छ । यस्तो खतरालाई निस्तेज पार्नकै लागि युवाशक्ति जुर्मुराएका बेलामा युवाशक्तिलाई विवस पार्न प्राकृतिक प्रकोप झेल्नुपरेको छ । तथापि नेपाली रगतमा राष्ट्रवाद यति बलियो छ कि नेपाली स्वराज झुक्दैन, झुक्न सक्दैन । मैत्रीभाव र देशभक्तिभावका साथ नेपालीत्वको जगेर्ना गर्न र यो पीडालाई शक्तिमा बदल्न सक्नेछ ।

विश्वको शक्तिचक्र समयअनुसार बदलियो, राजनीतिक र कूटनीतिक धार पनि बदलिदै गएका छन् । सम्बन्ध र राष्ट्र राष्ट्रवीचको आत्मीयताका आधारहरु पनि परिवर्तन भएका छन् । नेपाललाई समयले शोकसँग जुध्न यक्ष प्रश्न खडा गरेको छ । यो समयमा राष्ट्र बचाउन, जिवन्त पार्न कारिगरीता आवश्यक छ । सम्भवतः नेपाली जनताले चुनावमा पुराना पुस्ताका नेतृत्वलाई किनारा लगाएर नयाँ नेतृत्व त्यही आवश्यक कारिगरिताका लागि चयन गरेको हुनसक्छ । नयाँ पुस्ताको नयाँ सोच र नयाँ युगको आवश्यकताअनुसारको नीति परिपूर्ति हुनसक्छ । चुनावमा, राजनीतिमा, नेतृत्वमा परिवर्तन आएको छ, राज्यकलामा पनि परिवर्तन देखिनैपर्नेछ । युवापुस्तामा ढाडमा हाड छ भन्ने प्रमाणित गर्ने परीक्षाको समय हो यो ।

२०४६ सालपछि मैनबत्ती पग्लेजसरी पग्लेको नेपालको व्यक्तित्व अहिले आएर अमेरिकी राष्ट्रपति डानाल्ड ट्रम्पले खुलेआम फ्रडहरूको देश भनेर आक्षेप लगाएका छन् । हुन पनि नेपाली नेताहरूले भुटानी शरणार्थी बनाएर पनि नेपालीलाई बेचेको घटनाले त्यो आक्षेप सही मान्नुपर्ने छ । नेपाल अपराधशालाजस्तो बनाउने पनि बिगतकै बहुदलीय र गणतन्त्रका नेताहरु नै हुन् । लोकतन्त्रलाई लूटतन्त्र बनाएकाले पनि नेपालको विश्वमा इज्जत घट्दै घट्दै जानुको अर्को कारण हो । न्यजिलेण्डका एक मन्त्री नेपाल भ्रमणमा आएर फर्कदा भनेका थिए, नेपाल स्वर्गको एक टुक्रा हो । नेपालमा सबै छ, इमान छैन । नेताहरूमा नीति र सिद्धान्त छैन । नेपाली नेताहरूले इच्छाशक्ति देखाउने हो भने नेपाल विश्वको केन्द्रविन्दु बन्नसक्छ । यही उद्देश्य लक्ष्यमा राखेर युवापुस्ताले प्राकृतिक प्रकोपबाट बच्नु र उत्रनु छ ।

नेपाली एक हौं, एक भएर यो विपदबाट मुक्ति खोजौं ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

**- अभियानवाणी**

अभियान
साप्ताहिक

## सम्पादकीय

# फेसबुकमा स्टाटस र गाली गलौजाको राजनीति प्रधानमन्त्रीबाटै अन्त्य हुनुपर्दछ

२०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते मुलुकभरमै भएको विध्वसात्मक कार्यपछि पुराना भनिएका दलहरूले नेतृत्व गरेको सरकार ढलेको थियो। भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई पर्दा पछाडि बसेर केही राजनीतिक दल र केही व्यक्तिहरूले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गरेका थिए। भाद्र २३ गते काठमाडौमा र इटहरीमा गोली चल्यो त्यही गोलीका कारण काठमाडौमा १९ इटहरीमा २ जनाको गरी २१ जनाको निधन भयो। त्यही कारणलाई देखाएर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य भयो भनिएतापनि वास्तवमा त्यो निष्कर्षकमा पुग्न गलत रहेको छ। पुराना भनिएका राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टीहरू भाद्र २३ र २४ गतेको घटनामा सहभागि थिएनन्। मुलुकभरमा यिनै तीन पार्टीका मात्र संगठन भएका हुनाले उनीहरूको सहयोग विना नै त्यत्ति ठुला घटनाहरू घट्नु सामान्य विषय होइन र हुन सक्दैन।

भाद्र २३ गतेको घटनामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रास्वपा सहितका अन्य केही दल र उनीहरूका नेता तथा कार्यकर्ताहरू संलग्न रहेका थिए भन्ने प्रमाण त रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी सम्बन्धी अदालतको आदेशमा पुर्पक्षका लागि जेलमा रहेका थिए। तर तिनै लामिछानेलाई भिडले जेलमुक्त गराएको थियो। २३ गतेको जेनजीहरूको विरोध प्रदर्शन गर्न हालका गृहमन्त्री सुधन गुरुङले भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा आफू पानी बाँड्न मात्र आएका नेता नभएको बताएका थिए तर वास्तविक त्यस्तो थिएन भने अहिले प्रमाणित भएको छ। भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई देखाएर विध्वसात्मक कार्य भयो भने भाद्र २४ गते एकै दिनमा सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायत पुराना भनिएका राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्रका कार्यालयहरू र शिर्ष नेताहरूका निजी निवासमा आगजनी भयो। के यी सबै कार्य एकै दिनको विरोध प्रदर्शनमा सम्भव भएका हुन् त ? भाद्र २४ गते भएका सिंहदरबारको आगजनी पछि बल्ल पऱ्यो माकुरी जालैमा भन्दै नाच्ने को थिए त ? अनि देखिस् ओली सिंहदरबार जलाईदियौं भन्ने को थिए ? अनि तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहले त आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाई दिन्छु भन्ने स्टाटस नै लेखेका थिए। भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यमा सरिक भएकाहरू अहिले प्राय सबै रास्वपामै प्रवेश गरेर केही मन्त्री भएका छन् भने केही सांसद रहेका छन्। बालेन साह त प्रधानमन्त्री नै बनेका छन्। यी तथ्यहरूले भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्य गराउनेहरू नै अहिले सत्तामा रहेकाले उनीहरूले आफ्नो पोल खोलिने डरले भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यको अनुसन्धान र छानविन नै गराउन चाहेका छैनन्/चाहँदैनन् भन्ने प्रष्ट भएको छ।

भाद्र २३ र २४ गतेको जगमा टेकेर २०८२ फागुन २१ गते संसदको निर्वाचनमा रास्वपाले झण्डै दुई तिहाई मत ल्याएको छ। त्यो मत भनेको डरको धम्कीको मत हो। त्यही निर्वाचनको बलमा र भाद्र २३ र २४ गतेको घटनाको बलमा बालेन साह प्रधानमन्त्री बनेका हुन्। २०८२ चैत्र १३ गते बालेन साह प्रधनमन्त्रीको कुर्सीमा बसेको पहिलो घण्टामा नै उनले प्रतिशोधको राजनीतिको सुरुवात गरेर पूर्व प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी ओली पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णय गरेका थिए। त्यही दिनदेखि बालेन साहले प्रतिशोधको र गाली गलौजको राजनीति सुरु गरेका हुनाले पछिल्लो समयमा सत्ताधारी दलका सांसदहरू र नेताहरू समेत त्यस्तै प्रकारको राजनीतिमा उत्रिएका छन्। प्रधानमन्त्रीबाटै प्रतिशोधको राजनीति, गाली गलौजको राजनीति भएको हुनाले अब प्रधानमन्त्रीबाटै त्यस्तो कार्यको अन्त्य गरी चाहे पुराना हुन् चाहे नयाँ राजनीतिक दलहरू नै किन नहुन्। उनीहरूको विश्वास जितेर निष्ठाको राजनीति हुनुपर्दछ। संसारका कुनैपनि लोकतान्त्रिक मुलुकमा नयाँ शक्तिको उदय हुनु र पुराना दलहरूले चुनौतीको सामना गर्नु एक स्वाभाविक प्रक्रिया भएपनि हामीकहाँ भने नयाँ भनिएको रास्वपा र उसको नेतृत्वको सरकारले प्रतिशोधको र गालीगलौजको राजनीति सुरु गरेको हुनाले त्यसलाई किमार्थ उचित लोकतान्त्रिक अभ्यास भनि स्वीकार गर्न सकिँदैन। तसर्थ अब स्वयम् प्रधानमन्त्री बालेनले नै प्रतिशोधको राजनीति र गालीगलौजको राजनीति त्यागेर निष्ठा र इमान्दारिताको राजनीति गर्न उपर्युक्त हुनेछ। नत्र भने हिजो आफैँले सिकाएको खेल अरुले पनि सुरु गर्न सक्छन् भन्ने हेक्का प्रधानमन्त्री बालेन र रास्वपालाई होस्। हिजो राज्यको महत्वपूर्ण संयन्त्रहरू चुपचापस बसे भन्दैमा जहिल्यै त्यस्तो अवस्थामा रहँदैन। राज्यका महत्वपूर्ण संरचनाहरू कुनै एक दलको पेवा होइन् उनीहरू मुलुकका संरचना र जनताको सेवाका लागि गठन भएका हुन् भन्ने हेक्का सबैलाई होस् भन्ने हाम्रो ठहर रहेको छ।

# विपन्न नागरिकप्रति राज्यको अनुदार व्यवहार किन ?

**राजेश विद्रोही**

देशमा तानाशाही प्रवृत्तिको शासन थियो । व्यवस्था राजा र राजनीतिक दलको मिलेमतोमा चलेको थियो । सामाजिक, आर्थिक, राजनीतिक एवं सांस्कृतिक विभेदले समाजको संरचना जर्जर थियो । ती विभेदमाथि तहगत शासक वर्गको नांगो रजाइँ चलिरहेको थियो । केही कानुनी संरचनाले देशलाई क्रमिक परिवर्तनतर्फ लैजाने प्रयास गरे पनि आमजनताको जीवनमा त्यसको प्रभाव प्रतिबिम्बित थिएन । त्यसबखत अहिलेको जस्तो सूचना प्रविधिको पहुँच थिएन । एकाध पिसिओ फोनकै भरमा समाज चलिरहेको थियो । मजदुरी गर्न काठमाडौं, सहर वा भारतको पन्जाब पुगेका परिवारका सदस्यसँग कुरा गर्न पनि शनिबार पिसिओवालाको सन्देश कुर्नुपर्थ्यो । सञ्चार, शिक्षा, अवसर र अधिकार, सबै क्षेत्रमा गहिरो असमानता थियो । यिनै विभेद र असमानताका कारण देशमा माओवादी विद्रोहको सुरूवात भयो । अहिलेकोजस्तो अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अधिकार जनतासँग थिएनन् । म त्यतिवेला कक्षा सातमा पढ्थेँ । विद्यालयमा विद्यार्थी हकहितका नाममा दलगत संगठन सक्रिय थिए । ती संगठनले विद्यार्थी राजनीतिलाई नै आफ्नो आधार बनाए । यसैबिच एक दिन विद्यालयमा माओवादीनिकट विद्यार्थी संगठन अनेरास्ववियू (क्रान्तिकारी) का केही नेता आए । शिक्षकसँग छलफल गरेपछि विद्यालयछेउको आँप बगैँचामा भेला आयोजना गरियो । क्रान्तिकारी गीत–संगीत बजाइयो । विद्यार्थी हकहितका विषयमा चर्का भाषण गरियो र संगठन निर्माण गरियो ।

**सुकुमवासी जीवनको सामाजिक यथार्थ**

हाम्रो घरअगाडिको डगर वर्षामा हिलाम्मे र गर्मीमा धुलाम्मे हुन्थ्यो । वर्षायाममा त अवस्था यति दयनीय हुन्थ्यो कि हिलोमा मानिस र गाईवस्तुसमेत गाडिन्थे । लगातारको झरीले माटोका घरका भित्ता चिसिएर झर्थे । घरभित्र चिसो, दुर्गन्ध र असहजता स्थायीजस्तै थियो । राति सुत्नसमेत कठिन हुन्थ्यो । तर, गाउँका उच्च वर्ग बस्ने बस्तीमा भने बाटो सफा र व्यवस्थित हुन्थ्यो । विकास त्यतिवेला पनि वर्गसापेक्ष थियो, आजझैँ । गरिब, दलित र सीमान्तकृत समुदायका बस्तीमा अभाव, उपेक्षा र पीडा सामान्यजस्तै बनाइएको थियो । बिहान–साँझ घरअगाडि घुर ताप्न आउने बुबाका साथीहरूको कुरा सुन्ने अवसर पाइन्थ्यो । उनीहरु इतिहासका कथा सुनाउँथे, वर्तमानका दुःख पोख्थे र भविष्यका सपना देखाउँथे । ती कुराले बालमनमा गहिरो प्रभाव पारे । जंगल फाँडेर बनाइएका पुर्खाका जमिन कसरी जमिन्दारले कब्जा गरे ? दलित र गरिब समुदाय किन शिक्षा, स्वास्थ्य र सम्पत्तिको अधिकारबाट वञ्चित भए ? पुस्तौँदेखि बसेका बस्ती किन सार्वजनिक ऐलानीका बन्न बाध्य भए ? यी प्रश्नले मनमा गहिरो छाप छोडे । आज पनि ती यथार्थ सम्झँदा राज्यको विभेदपूर्ण चरित्रप्रति खेद जाग्छ । हामी बसेको बस्ती कति पुस्तादेखि ऐलानीमा छ, कसैलाई थाहा छैन । यी जमिनलाई कसरी र कसले ऐलानी करार गऱ्यो, इतिहास साक्ष्य छ । धेरै मानिससँग निजी जमिन छ । तर, सिंगो बस्तीचाहिँ सार्वजनिक ऐलानीकै रूपमा पुस्तौँदेखि रहेको छ । इतिहास लेख्ने, सुरक्षित गर्ने र आफ्नो अस्तित्व अभिलेखमा राख्ने अधिकार उनीहरूसँग कहिल्यै थिएन । तत्कालीन शासकले जमिनलाई निजी स्वामित्वको विषय बनाए । पहुँचवालाले उब्जाउ खेतीयोग्य जमिन आफ्नो नाममा गराए वास्तविक बासिन्दाको जमिन ऐलानी बन्यो । जंगल फाँडेर जमिन बनाउने गरिब जनता अधिकारबाट वञ्चित भए । केहीले पहुँचका आधारमा जमिन पाए । अधिकांश दलित र गरिब समुदाय भने बाटोछेउ, खोल्साखोल्सी वा कम उब्जाउ क्षेत्रमा धकेलिन बाध्य भए । ती बस्ती आजसम्म सार्वजनिक ऐलानीकै रूपमा बाँचेका छन् । सरकार फेरिए, आयोग बने । भूमि सुधारका अनेक नारा उठे । तर, शासक वर्गको प्रवृत्ति र रूचि फेरिएन । पहुँच हुनेहरूले पटक–पटक लालपुर्जा पाए । पहुँच नहुनेहरूले एकपटक पनि पाएनन्, अझ बेदखल भए । धेरै ठाउँमा त पुस्तौँदेखि बसिरहेको जमिनसमेत पहुँचवालाले आफ्नो नाममा दर्ता गराए । आफ्नो जमिनमा बसेको भनेर गरिब समुदायले आज पनि दमन र शोषण भोग्नुपरेको छ । त्यसैले सुकुमवासीको कथा केवल जमिनको कथा होइन । यो राज्यद्वारा निरन्तर उपेक्षित बनाइएका मानिसको इतिहास हो । यो अधिकारविहीन जीवन, विभेद, विस्थापन र असमानताको कथा हो । अनि यो न्याय र अस्तित्वको निरन्तर खोजीको कथा पनि हो ।

**विद्रोहपछि पुनर्स्थापनाको पीडा**

माओवादी विद्रोहका क्रममा पटक–पटक मृत्युको मुखबाट फर्किएको जीवन शान्ति प्रक्रियामा आएपछि झन् जटिल मोडमा पुग्यो । पुनर्स्थापनाको प्रश्न ठुलो चुनौती बन्यो । न पार्टी आन्दोलनमा पुरानोजस्तो ऊर्जा बाँकी थियो, न सरकारसँग स्पष्ट योजना, न त स्वयंमा नयाँ जीवन व्यवस्थित गर्ने पर्याप्त क्षमता नै । लोकतन्त्रका नाममा अपराध र अव्यवस्थाले चरम रूप लिइरहेको थियो । जसको दोषको भारी माओवादी आन्दोलनले पनि बोक्नुपरेको थियो । लाल सेनाको 'क्यान्टोनमेन्ट'बाट अवकाश रोज्दा हातमा केही पैसा थियो । धेरैले हतारमै सकाए, केहीले जोगाउने प्रयास गरे । म स्वयं पनि त्यो पैसालाई कसरी व्यवस्थापन गर्ने भन्ने अन्योलमा थिएँ । २०, २२ को उमेरमा जीवनका जटिल मोड बुझ्ने अनुभव कहाँ हुन्थ्यो र ? समाज थियो, तर फर्किने ठाउँ थिएन । अभिभावक थिए, तर जमिन थिएन । जमिन थियो, तर पाउने आस थिएन । हातमा केही पैसा त आएको थियो, तर पर्याप्त थिएन । त्यसमाथि अन्तरजातीय जनवादी विवाहको आफ्नै संघर्ष थियो, सम्बन्ध जोगाउने र टिकाउने चुनौती । त्यही समय मधेश आन्दोलनले मधेशी र पहाडी समुदायबिचको सम्बन्धलाई थप बिथोलिरहेको थियो ।

यस्तो अवस्थामा संगतकै भरोसामा टाउको लुकाउनुपर्ने बाध्यता थियो । नम्बरी जग्गा किन्न नसकेपछि ऐलानी जग्गा किनियो र त्यहीँ फसियो । आखिर देशमा गणतन्त्र ल्याएको एक योद्धाका लागि पछिल्लो मुनाफाको जीवन कसरी सफल गर्ने सबैका लागि चुनौती बन्यो । सरकारकै सार्वजनिक जग्गामा थातथलो बनाएर बस्न बाध्यता नै थियो । किनभने नयाँ समाजमा स्थापित हुन समय, धैर्य र संघर्षको पनि ठुलो खाँचो पर्ने रहेछ । यसरी म स्वयं सुकुमवासी समस्याको बिचमा छु । अव्यवस्थित बसोवासी छु । एउटा समाज बनिसकेको अवस्थामा राज्यले यसलाई कसरी लिने र समाधान गर्ने, गम्भीर प्रश्न खडा छ । एउटा समाज बन्न कति समय लाग्छ ? भत्केपछि देशमा के अवस्था सिर्जना हुन्छ ? यो मेरो मात्र समस्या होइन, मजस्ता लाखौँ नागरिकको समस्या हो । लाखौँ परिवर्तनकारी योद्धा र विभिन्न परिवर्तनमा योगदान दिएका नागरिकको कथा हो । विभिन्न कारणले भूमिहीन, सुकुमवासी तथा अव्यवस्थित हुन बाध्य नागरिकको व्यथा हो । पुँजीवादी लोकतान्त्रिक अवस्थामा यो समस्या कसरी दीर्घकालीन रूपमा वैज्ञानिक तरिकाले हल गर्ने त्यो आवश्यकता हो, नागरिकको आत्मसम्मानमाथिको उठिबास होइन ।

**अधुरा क्रान्तिले छाडेका पीडा र निराशा**

अधुरा आन्दोलन र क्रान्तिको पीडाले समाजलाई मुक्तिभन्दा बढी पीडा दिएको छ । परिवर्तनको सपना बोकेर संघर्ष गर्नेहरु अन्ततः स्वयं त्यही पीडाको सबैभन्दा ठुलो सिकार बन्ने रहेछन् । जब आन्दोलनको उद्देश्य समाज रूपान्तरणभन्दा व्यक्तिगत लाभ, पद, प्रतिष्ठा र कमाइ खाने माध्यममा रूपान्तरण हुन थाल्छ, तब आन्दोलनको नैतिक शक्ति कमजोर बन्छ । संघर्षका आदर्श सम्झौतामा बदलिन्छन् । जनताका आशा अविश्वासमा परिणत हुन थाल्छ । कुनै पनि आन्दोलन नाराले मात्र सफल हुँदैन । त्यसको सार जनताको जीवनमा देखिने परिवर्तनमा हुन्छ । तर, जब नेतृत्वले आफ्नै त्याग र बलिदानलाई शक्ति र सुविधाको साधन बनाउँछ, तब आन्दोलनको आत्मा हराउँछ । त्यही अवस्थाबाट 'पपुलिज्म' जन्मिन्छ । जनताको असन्तुष्टि, निराशा र आक्रोशलाई भावनात्मक नाराले कब्जा गर्न थालिन्छ । तर, पपुलिज्म समाधान होइन, आफैँमा समस्या भने पक्कै हो । भनिन्छ, लड्नेहरु आफ्ना लागि होइन, भावी पुस्ताको भविष्यका लागि लड्छन् । वास्तवमा इतिहासका धेरै आन्दोलन त्यही त्याग, सपना र विश्वासको जगमा उभिएका थिए । हजारौँ मानिसले व्यक्तिगत सुख, परिवार र जीवनसमेत त्यागेर परिवर्तनको बाटो रोजेका थिए । तर, जब त्यही संघर्षलाई केही सीमित समूहले सत्ता, पहुँच र अवसरको व्यापारमा बदल्न थाले, तब जनताको मनमा गहिरो वितृष्णा पैदा भयो । समाज यति धेरै थाकेको छ कि परिवर्तनको नाम सुन्नासाथ पनि संशय गर्न थालेको छ । नेपाली समाजले दशकौँदेखि आन्दोलन, संक्रमण र अस्थिरताको शृंखला भोग्दै आएको छ । प्रत्येक परिवर्तनले नयाँ आशा जगायो । तर, ती आशा पटक–पटक अधुरा बने । लोकतन्त्र, गणतन्त्र, समावेशिता र समानताको सपना देखाइयो । तर, व्यवहारमा भ्रष्टाचार, दण्डहीनता, अवसरवाद र सत्ता संघर्ष अझ बलियो बन्दै गयो । यसरी लामो राजनीतिक असफलता र सामाजिक निराशाले नागरिक चेतनामा गहिरो अवसाद जन्माएको छ ।

**भूमि समस्या र राज्यको दायित्व**

सरकारसँग कुनै पनि क्षेत्रको भरपर्दो तथ्यांक छैन । भएका तथ्यांकसमेत विवादित छन् । तर, यसको भार सर्वसाधारण नागरिकले बोक्नुपरेको छ । जुन दिनदेखि प्राकृतिक सम्पत्ति जमिनलाई राज्यले खण्डीकरण गरेर निजी स्वामित्वको विषय बनायो, त्यही दिनदेखि देशमा गरिब–धनी, ठुलो–सानो, उच्च–निच र भूमिसम्बन्धी असमानता झन् जटिल बन्दै गयो । यसको दोष नागरिकमा होइन, राज्य व्यवस्थामै छ । आज सुकुम्बासी समस्या मात्रै चर्चामा छ । सरकारले करिब १५ लाख परिवारलाई भूमिसम्बन्धी समस्याको दायरामा देखिरहेको छ । तर, वास्तवमा गुठी, मोहीयानी, गाउँब्लक, बहालबिटोरी, नापी–नक्सा, अव्यवस्थित बसोवास र नक्सा लालपुर्जासम्बन्धी समस्या जोड्ने हो भने झन्डै डेढ करोड जनता कुनै न कुनै रूपमा भूमिसम्बन्धी सास्तीमा छन् । यतिसम्म कि अहिले सरकारले उठिवास लगाएका सुकुमवासीलाई सही व्यवस्थापन गर्न नसकेर, नागरिले आजीवन अर्जेको करोडौँ लगाएर बनाएको घर भत्काएर २५ हजार र मासिक १५ हजारको प्रलोभनमा होल्डिङ सेन्टर खाली गर्ने उर्दी जारी गरिसकेको छ । जबकि, कुल सुकुमवासीको ६ प्रतिशत मात्र सुकुमवासी होल्डिङ सेन्टरमा थिए । बाँकी बाहिरै छन् । पछिल्लो घटनाक्रमले के देखाएको छ भने यो सरकार पनि निम्न पुँजीपति दलाल वर्गकै नेतृत्व गरिरहेको छ ।


देशमा २०.२७ प्रतिशत नागरिक गरिबीको रेखामुनि छन् । ४० प्रतिशतभन्दा बढी जनतामा भूमिसम्बन्धी असुरक्षा छ । भूमिहीन सुकुमवासीको समस्या करिब १२ प्रतिशत जनसंख्यासँग प्रत्यक्ष रूपमा जोडिएको छ भने त्योभन्दा ठुलो संख्या अव्यवस्थित बसोवासीको छ । हालको सरकारी तथ्यांकअनुसार नेपालमाथि कुल सार्वजनिक ऋण करिब २९ खर्ब ३३ अर्ब रूपैयाँ पुगेको छ । यसलाई जनसंख्यासँग तुलना गर्दा औसतमा प्रत्येक नेपाली नागरिकको थाप्लोमा एक लाख रूपैयाँभन्दा बढी ऋण परेको देखिन्छ । गरिबी, बेरोजगारी, ऋणको चाप र विश्वव्यापी अस्थिरताबिच सबैभन्दा बढी राज्यको निसानामा किन गरिब, दलित र सीमान्त समुदाय नै पर्छन् ? राज्यको पहिलो दायित्व उनीहरूमाथि न्याय गर्नु हो कि थप अन्याय थोपर्नु ? आजको सबैभन्दा ठुलो प्रश्न यही हो । *–नयाँ पत्रिका*

# तस्बिरमा हेर्नुस् भोटेकाशी बाढीको वितण्डा

बिहीबार बिहान तिब्बतबाट आएको आएको विषण बाढीले भोटेकोशी, त्रिशुली नदीक तटीय क्षेत्रमा ठूलो क्षति गरेको छ । ति क्षेत्रमा ठूलो संख्यामा जनधनको क्षति भएको छ। भिषण बाढीपछि सरकारले रसुवा, नुवाकोट र धादिङ जिल्लामा विपद् संकटकाल घोषणा गरेको छ।

अहिले सरकार उद्धारमा सक्रियए भएको छ। बाढीबाट देशको कुल विद्युत् उत्पादन क्षमताको करिब १० प्रतिशत प्रभावित भएको छ। १२ आयोजनामा ४३१ मेगावाट विद्युत उत्पादन बन्द भएको छ।

यस्तै, बाढीले रसुवा नाकादेखि मलेखुसम्मका करिब सबै पक्की पुल बगाएको छ । सडक विभागका प्रवक्ता शुभराज न्यौपानेले रूसुवा नाकादेखि मलेखुसम्म भएका करिब सबै पक्की पुल बगेको बताए । त्यसमा न्यूनतम ३२ वटा पक्की पुल बगाएको पुष्टी भइसकेको उनको भनाइ छ । योबाहेक ससाना खोलामा भएका मोटरेबल पुल पनि बगाएको उनको भनाइ छ ।














# भोटेकोशी बाढीले ४३१ मेगावाटका १२ विद्युत् आयोजना क्षतिग्रस्त



बुधबार बिहान तिब्बत हुँदै रसुवा प्रवेश गरेको बाढीले भोटेकोशी र त्रिशूली नदी किनारामा सञ्चालित तथा निर्माणाधीन जलविद्युत् परियोजना क्षतिग्रस्त बनेका छन्। नेपाल विद्युत् प्राधिकरणको तथ्यांकअनुसार ४३१ मेगावाटका १२ विद्युत् आयोजना बाढीले क्षतिग्रस्त बनाएको छ।

त्यसमा १११ मेगावाटको रसुवागढी, ७८ मेगावाटको सालासुंगी (सान्जेन), १४८ मेगावाटको माथिल्लो सान्जेन ४२.५ मेगावाटको सान्जेन, २२ मेगावाटको चिलिमे र २० मेगावाटको लाङटाङ जलविद्युत् आयोजना क्षतिग्रस्त भई बन्द भएका छन्।

यस्तै, ६० मेगावाटको माथिल्लो त्रिशूली-३ ए, १४८ मेगावाटको माथिल्लो मैलुङ, पाँच मेगावाटको मैलुङ, २४ मेगावाटको त्रिशूली र १४ मेगावाटको देवीघाट जलविद्युत् केन्द्र क्षतिग्रस्त भएका छन्। नुवाकोटस्थित नेपाल विद्युत् प्राधिकरणको २५ मेगावाटको सोलार आयोजना पनि क्षतिग्रस्त भएको छ। प्राधिकरणका प्रवक्ता राजन ढकालले सञ्चालित अवस्थाका ४३१ मेगावाटका १२ आयोजना बाढीबाट क्षतिग्रस्त हुँदा निर्यातमा असर गर्ने बताए। अधिकांश परियोजनाको बाँध तथा पावर हाउस बगाएको छ।

प्राधिकरणका अनुसार निर्माणधीन अवस्थामा रहेको ४७० मेगावाटका १५ आयोजना बाढीले क्षतिग्रस्त भएका छन्। त्यसमा २१६ मेगावाटको माथिल्लो त्रिशूली, १२० मेगावाटको रसुवा भोटेकोशी, ६.२४ मेगावाटको अप्पर मेलुङ, ३७ मेगावाटको माथिल्लो त्रिशूली-३बी, १५.६ मेगावाटको मध्य त्रिशूलीलगायतका परियोजना छन्। बाढीले प्रसारण पूर्वाधार पनि क्षतिग्रस्त भएको छ। प्राधिकरणका अनुसार त्रिशूलीस्थित २२० केभीको ३बी हब सबस्टेसन पूर्ण रूपमा क्षति भएको छ। चिलिमे २२० केभी हब टावर अवरूद्ध भएका कारण बन्द गरिएको छ।

यसैगरी समुद्रटार-त्रिशूली १३२ केभी, चिलिमे-त्रिशूली ६६ केभी, चिलिमे हब-त्रिशूली ३बी हब-मातातीर्थ २२० केभी र त्रिशूली-बालाजु ६६ केभी प्रसारणलाइन पनि अवरूद्ध छ।

बुधबारको बाढीले स्याफ्रुबेँसी, नौमुरे र टिमुरेमा रहेका विभिन्न नौवटा बैंकका शाखा बगाएको छ। बाढीका कारण २४ जना कर्मचारी सम्पर्कबाहिर रहेको नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले बताए। बाढीले नबिल, ग्लोबल आइएमई, प्रभु, नेपाल इन्भेष्टमेन्ट मेगा, एनएमबि, सानिमा, हिमालयन, माछापुच्छे र लक्ष्मी सनराइज बैंक, कृषि विकास बैंकका शाखा बगाएको हो। 'सबै बगाएको छ, केही पनि छैन, खण्डहर भएको छ,' उनले भने, 'सुरुमा ३० जनाहाराहारी सम्पर्कबाहिर हुनुहुन्थ्यो, अहिले ६ जनाजति सम्पर्कमा आइसक्नुभयो, २४ जना सम्पर्कबाहिर हुनुहुन्छ, आशा छ भोलिसम्म सम्पर्कमा आउनुहुनेछ।' बुधबार उद्धार र राहतमा मात्रै लागिएको भन्दै अध्यक्ष कोइरालाले बिहीबारदेखि क्षतिका अन्य विवरण संकलन तथा मूल्यांकन गरिने जानकारी दिए।

**प्राधिकरणका आयोजनाका १९६ जना सम्पर्कबाहिर**

विद्युत् प्राधिकरणका आयोजनाका मात्रै १९६ जना सम्पर्कविहीन छन्। निर्माणधीन त्रिशूली ३ बी जलविद्युत्का २१ कर्मचारीहरु सम्पर्कमा छैनन्। यसैगरी, चिलिमेको पावर प्लान्टका ६ र आवास क्षेत्रका एक कर्मचारी पनि सम्पर्कमा आएका छैनन्। चिलिमे जलविद्युत् कम्पनीबाट त्रिशूली ३ बीमा कार्यरत ११ जना, रसुवागढी जलविद्युत्का ९२ जना, त्रिशूली-३ 'ए' को पावरहाउसका ४५ जना, त्रिशूली र देवीघाट जलविद्युत्मा कार्यरत एक-एकजना, चिलिमेको स्विचयार्डमा काम गर्ने एक र सोही वितरण केन्द्रको एक मिटर रिडर पनि सम्पर्कमा छैनन्। यस्तै, त्रिशूली २२० केभी ३ बी हब सबस्टेसनमा ठेकेदारका १६ जना कामदार पनि सम्पर्कविहीन रहेका छन्।

निजी क्षेत्रबाट अघि बढाइएको आयोजनाका कामदार पनि सम्पर्कविहीन छन्। २१६ मेगावाटको अपर त्रिशूली १ मा आठ कोरियन नागरिक र १० जना कर्मचारी सम्पर्कविहीन छन्। यस्तै, २० मेगावाटको लाङटाङ खोला जलविद्युत् आयोजनाका २५ जना कर्मचारी र ३५ जना कामदार सम्पर्कविहीन छन्।

**रसुवा पूर्ण रूपमा अन्धकार**

प्राधिकरणका अनुसार रसुवामा विद्युत् सेवा पूर्ण रूपमा अवरूद्ध भएको छ। रसुवा बाढीले सबैभन्दा धेरै क्षतिग्रस्त भएको जिल्ला हो। नुवाकोट, धादिङ र गोरखामा भने आंशिक रूपमा विद्युत् सेवा अवरूद्ध छ। धादिङ जहरेमा ३३ केभीको सबस्टेसन पाँच फिट अग्लो लेदो जमेका कारण अवरूद्ध छ। यसैगरी, विभिन्न ठाउँमा पोल तथा ट्रान्सफर्मर पनि क्षतिग्रस्त भएका छन्। प्राधिकरणका प्रवक्ता राजन ढकालले गोरखा, धादिङ र नुवाकोटमा सकेसम्म चाँडै विद्युत् सेवा सुरू हुने बताए। तर, रसुवाको हकमा भने समय लाग्ने बताइएको छ। धादिङको जहरे ३३ केभी सबस्टेसनको लेदो हटाउने काम जारी रहेको प्राधिकरणले भनेको छ।



**यसरी हुँदै छ विद्युत् पुनर्स्थापनाको प्रयास**

प्रभावित क्षेत्रमा उद्धार तथा राहतका लागि छुट्टाछुट्टै टोली परिचालन गरिएको छ। सम्पर्कविहीन कर्मचारी तथा कामदारको खोजीका लागि स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानीय तह, स्वास्थ्य संस्था तथा सम्बन्धित निकायसँग समन्वय भइरहेको प्राधिकरणका प्रवक्ता ढकालले बताए। वैकल्पिक माध्यमबाट विद्युत् प्रणाली सञ्चालन गर्न सकिने स्थान पहिचान गरी आंशिक रूपमा विद्युत् आपूर्ति सुचारू गर्ने प्रयास भइरहेको उनको भनाइ छ। प्रभावित क्षेत्रमा तत्काल पाँच सय सोलार प्यानल लैजाने तयारी छ।

सिन्धुपाल्चोकको समुद्रटार क्षेत्रमा प्रणाली सञ्चालन गरी चौघडा सबस्टेसन चालू गर्ने तयारी भइरहेको प्राधिकरणको भनाइ छ। गजुरीदेखि गल्छीसम्म धादिङबेँसी सबस्टेसनमार्फत विद्युत् आपूर्ति सुचारू गर्ने प्रयास भइरहेको प्रवक्ता ढकालले बताए। सम्भव भएका स्थानमा पेट्रोलिङ, मर्मत तथा प्रसारणलाइन पुनः सञ्चालनको काम भइरहेको उनको भनाइ छ। बाढीबाट विद्युत् उत्पादन, प्रसारण तथा वितरण संरचनामा ठुलो क्षति पुगेपछि विद्युत् आपूर्तिमा हुन सक्ने असन्तुलनलाई ध्यानमा राख्दै प्राधिकरणले प्रभावित क्षेत्रमा इन्भर्टर, अस्थायी पावर, जेनेरेटर लैजाने तयारी गरिरहेको छ।

खेलकुद

## १४औं साग पाकिस्तानका तीन सहरमा आयोजना हुने

१४औं दक्षिण एसियाली खेलकुद (साग) पाकिस्तानका तीन सहरमा आयोजना हुने भएको छ। नेपाल ओलम्पिक कमिटी (एनओसी)ले बुधबार सातदोबाटोस्थित मुख्यालयमा पत्रकार सम्मेलन गरी प्रतियोगिताको मिति र स्थान टुंगो भएको जानकारी दिएको छ। एनओसीका महासचिव राजीव श्रेष्ठका अनुसार प्रतियोगिता आगामी २० देखि २८ चैतसम्म पाकिस्तानका इस्लामाबाद, लाहोर र पेसावर सहरमा हुनेछ।

इस्लामाबादमा आयोजना हुने खेलस्थलको निरीक्षण भएको उनले बताए। प्रतियोगिताको उद्घाटन इस्लामाबादको जिन्ना रंगशालामा हुनेछ। यो रंगशाला ५० हजार दर्शक क्षमताको रहेको छ।

सन् २०१९ मा नेपालले काठमाडौंको दशरथ रंगशाला, पोखरा र जनकपुरमा १३औं साग गरेको थियो। सात वर्षअघि पाकिस्तानले नेपालबाट सागको झन्डा बोकेर गएको थियो। यसैबिच, कोभिड- १९ का कारण सन् २०२१ मा हुनुपर्ने साग हुन सकेको थिएन। त्यसपछि भारत र पाकिस्तानसँगको सम्बन्ध राम्रो हुन नसक्दा सागको मिति घोषणा हुँदा पनि भएन।

गत साता पाकिस्तानको इस्लामाबादमा दक्षिण एसियाली ओलम्पिक काउन्सिलको बैठकले नयाँ मिति घोषणा गरेको श्रेष्ठले बताए। 'सागमा २८ खेल समावेश छन्, यसमा केही थपघट हुन सक्छ,' उनले भने, 'आयोजकका अनुसार इस्लामाबादमा १५, लाहोरमा १० र पेसावरमा तीन खेल हुनेछन्।' नेपालबाट ५३२ खेलाडी र १५३ अफिसियल सहभागी हुने सुरूवाती खाका एनओसीले निकालेको छ।

इस्लामाबादमा भएको बैठकमा नेपाल र पाकिस्तानसँगै भुटान, बंगलादेश, माल्दिभ्स र श्रीलंकाको पनि भौतिक सहभागिता थियो। पाकिस्तानमा बैठक भएपछि भारत भने भर्चुअल सहभागी भएको एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठले जानकारी गराए। नेपालबाट अध्यक्ष श्रेष्ठसँगै उपाध्यक्ष चतुरानन्द राजवैद्य र राष्ट्रिय खेलकुद परिषद् (राखेप) सदस्य सिक्का सुवाल श्रेष्ठको सहभागिता थियो।

एनओसीका महासचिव श्रेष्ठका अनुसार दक्षिण एसियाली कुम्भमेलामा खेलाडी र अफिसियल गरी चार हजारभन्दा बढी सहभागी हुनेछन्। जसमा खेलाडी तीन हजार १७२ तथा अफिसियल एक हजार १९ सहभागी हुने अनुमान गरिएको छ। आयोजक पाकिस्तानबाट ६७० खेलाडी र २०२ अफिसियल, श्रीलंकाबाट ६७० खेलाडी र २५१ अफिसियल, बंगलादेशबाट ४८२ खेलाडी र १२२ अफिसियल छन्। भारतबाट ४७२ खेलाडी र २०२ अफिसियल, माल्दिभ्सबाट २६१ खेलाडी तथा ६८ अफिसियल तथा भुटानबाट ८५ खेलाडी र २१ अफिसियल सहभागी हुने अनुमान गरिएको छ।

एनओसीले १४औं सागमा समान ३४६ स्वर्ण र रजतका लागि खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। यसैगरी सागमा ५१५ कांस्य पदक समावेश गरिएको छ। एथलेटिक्स, पौडी, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बिलियर्ड्स तथा स्नुकर, बक्सिङ, क्रिकेट, फेन्सिङ, फुटबल, गल्फ, ह्यान्डबल, कबड्डी, कराँते, रोइङ, रग्बी सेभेन्स, सुटिङ, स्क्वास, टेबुलटेनिस, तेक्वान्दो र टेनिस छन्। यसैगरी, ट्रायथलन, भलिबल, बिच भलिबल, भारोत्तोलन, जुडो र उसु छन्।

एनओसी अध्यक्ष श्रेष्ठले १४औं साग तोकिएकै मितिमा आयोजना हुने बताए। चौथोपटक तोकिएको मितिमा कुनै पनि शंका नगर्न उनको आग्रह छ। प्रतियोगिता २०२१ मै हुनुपर्ने थियो। पाकिस्तान र भारतबिचको 'जियो पोलिटिकल' तनावका कारण प्रतियोगिता भएन। 'भारतले आफैं प्रतिबद्धता जाहेर गरिसकेको छ। उनीहरु जसरी पनि प्रतियोगितामा सहभागी हुन्छन्।

पाकिस्तानबाहिर भएका हरेक बैठकमा भारत सहभागी भएको छ,' एनओसी अध्यक्ष श्रेष्ठले भने, 'यसपटक खेल गर्न भारत आफैं सकारात्मक छ। अब प्रतियोगिता अब रोकिँदैन।' अध्यक्ष श्रेष्ठका अनुसार पछिल्लो बैठकमा पाकिस्तान सरकार प्रतियोगिता आयोजना गर्न अनिच्छुक रहेको अन्य ६ देशले आरोप लगाएका थिए।

त्यसपछि पाकिस्तान खेलकुद मन्त्रालयका प्रतिनिधि नै बहराइनमा भएको बैठकमा सहभागी भएर प्रतियोगिता आयोजना गर्ने वाचा गरेको पनि श्रेष्ठले जिकिर गरे।

## टप एन्ड टी-२० सिरिजमा नेपालको लगातार दोस्रो जित

कुशल भुर्तेलको अलराउन्ड प्रदर्शनप्रेरित नेपाल 'ए' ले अस्ट्रेलियाको नर्थन टेरिटोरीमा चलिरहेको टप एन्ड टी-२० सिरिजमा लगातार दोस्रो जित निकालेको छ। बुधबार भएको खेलमा नेपालले एसिटी कोमेट्सलाई ४ विकेटले पराजित गऱ्यो। सुरुवाती दुई खेलमा पराजित भएको नेपालले सोमबार होबार्ट हरिकेन्स एकेडेमीलाई ३९ रनले पराजित गरेको थियो। त्यसअघि पहिलो खेलमा एनटी स्ट्राइकर्ससँग ८ विकेट तथा बंगलादेश ११ सँग ९ विकेटले पराजित भएको थियो।

यता, एसिटी भने लगातार चौथो खेलमा पराजित भयो। टोली कोमेट्स किङ्समेनसँग ६ विकेट, भिक्टोरिया सिए ११ सँग ८ विकेट तथा र एनटी स्ट्राइकर्ससँग ६ विकेटले पराजित भएको थियो।

खेलमा नेपालका कप्तान कुशल भुर्तेलले टस जितेर सुरुमा बलिङ गर्ने निर्णय लिएका थिए। टस हारेर पहिले ब्याटिङ गरेको एसिटीले २० ओभरमा ९ विकेट गुमाएर एक सय ४१ रनको लक्ष्य दिएको थियो। प्रत्युत्तरमा नेपालले नेपालले ४ बल बाँकी छँदा ५ विकेटको क्षतिमा पूरा गऱ्यो।

नेपालको जितमा कप्तान कुशल भुर्तेलले सर्वाधिक ६१ रन बनाए। पवन सर्राफ २९ रनमा अविजित रहेका थिए। मयन यादवले २१ रन बनाएका हुन्। एसिटीका लागि ज्याक कहले ३ विकेट लिए भने जित मेहताले २ विकेट लिन सफल भए।

यसअघि एसिटीका लागि डायलान हन्टरले सर्वाधिक ४४ रन बनाए। अंश तिवारी र निक ब्रोएसले समान १९ रन बनाए। नेपालका लागि कुशल भुर्तेलले सर्वाधिक ३ विकेट लिए। उनले २ ओभरमा ९ रन मात्रै दिएका थिए। युवराज खत्रीले २ विकेट लिएका हुन्।

अब, पाँचौं खेलमा नेपालले बिहीबार किङ्समेनसँग खेल्नेछ।

## कर्पोरेट

## ● रसुवा बाढीबाट ६ प्रसारण लाइन अवरुद्ध, त्रिशूलीको २२० केभी सबस्टेसन पूर्ण रूपमा क्षति

रसुवा भीषण बाढीबाट ६ वटा प्रसारणलाइन अवरूद्ध भएको छ। नेपाल विद्युत् प्राधिकरणका अनुसार त्रिशुलीको २२० केभी सबस्टेशन पूर्ण रूपमा क्षति भएको छ भने अन्य प्रसारण लाइनमा क्षति हुँदा विद्युत् प्रवाह अवरूद्ध बनेको हो।

प्राधिकरणकाअनुसार त्रिशूलीस्थित २२० केभी ३ बी हब सबस्टेसन पूर्ण रूपमा क्षति पुगेको छ।

चिलिमे २२० के.भी हब टावर अवरूद्ध भएका कारण बन्द भएको छ। समुद्रटार - त्रिशुली १३२ केभी प्रसारण लाइन अवरूद्ध भएको छ। चिलिमे - त्रिशुली ६६ के.भी. प्रसारण लाइन अवरूद्ध छ।

चिलिमे हब - त्रिशूली ३ बी हब - मातातीर्थ २२० के.भी. प्रसारण लाइन अवरूद्ध छ। त्रिशूली-बालाजु ६६ के.भी. प्रसारण लाइन अवरूद्ध छ।

अन्य केही प्रसारण लाइनको टावरमा समस्या रहेको प्राधिकरणले जनाएको छ। प्राधिकरणले वैकल्पिक उपायबाट सञ्चालन हुन सक्ने स्थानबाट आंशिक क्षेत्रमा विद्युत् प्रणाली सञ्चालनको प्रयास भैरहेको जनाएको छ। यसै क्रममा सिन्धुपाल्चोकतर्फ समुद्रटार क्षेत्रमा प्रणाली चालू भै चौघोडा सबस्टेसन सञ्चालनको प्रयास जारी गरिएको छ।

गुजुरीदेख गल्छीसम्मका क्षेत्रहरूमा धादिङबेँसी सबस्टेसनमार्फत विद्युत् आपूर्ति सुचारू गर्ने प्रयास भैरहेको प्राधिकरणले जनाएको छ।

## ● रसुवा बाढीले पाँच पेट्रोलपम्प क्षतिग्रस्त

बुधबार बिहान लेन्दे खोलामा आएको भीषण बाढीले रसुवा, नुवाकोट र धादिङका ५ वटा पेट्रोलपम्प क्षतिग्रस्त बनाएको छ। पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएनका अनुसार रसुवाको बेत्रावती आयल स्टोरमा पूर्ण क्षति पुगेको छ।

एसोसिएसनको कार्यलय सचिव नारद भण्डारीका अनुसार पुनः सञ्चालन गर्न नसक्ने गरी बेत्रावती पम्पमा क्षति पुगेको छ। 'बेत्रावती पेट्रोलपम्प पूर्ण रूपले क्षतिग्रस्त भएको छ। मर्मत गरेर फेरि चलाउन सक्ने अवस्था नै छैन,' उनले भने, 'पेट्रोलपम्पको संरचनाहरु केही पनि बाँकी छैनन्।' त्यस्तै, नुवाकोटमा रहेका वनदेवी आयल स्टोर र उत्तरगया आयल स्टोर तथा धादिङको भीमसेन आयल स्टोर र धादिङ आयल स्टोरमा पनि ठुलो क्षति पुगेको भण्डारीले जानकारी दिए। एसोसिएसनले बुधबार एक विज्ञप्ति निकालेर बाढी प्रभावित क्षेत्रमा पेट्रोलियम पदार्थको आपूर्ति सहज गराउन क्रियाशील भएको पनि जनाएको छ। 'यस विषम परिस्थितिमा पनि हामी सदाझैं पेट्रोलियम पदार्थको नियमित आपूर्ति व्यवस्थालाई असहज हुन नदिन प्रतिबद्धता व्यक्त गर्दछौं,' विज्ञप्तिमा भनिएको छ । क्षति भएका पेट्रोलपम्पको सम्पत्ति मूल्यांकनमा सरकारबाट सहजीकरणको अपेक्षा राखेको पनि एसोसिएसनले जनाएको छ।

## ● त्रिशूली बाढीपछि २९१ विदेशीसहित ३८४ पर्यटक सम्पर्कविहीन

बुधबार भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीपछि नुवाकोट-रसुवा क्षेत्रमा घुम्न गएका ३८४ पर्यटक बेपत्ता भएका छन्। नेपाल पर्यटन बोर्डका अनुसार बेपत्ता हुनेमा २९१ विदेशी र ९३ नेपाली छन् । यो विभिन्न १० वटा ट्राभल कम्पनीमार्फत घुम्न गएका पर्यटकको विवरण हो। व्यक्तिगत रूपमा घुम्न गएका धेरैजना पनि सम्पर्कविहीन भएका छन्।

## ● ९ बैंकका २४ कर्मचारी सम्पर्कबाहिर

बुधबार बिहान तिब्बत हुँदै रसुवा प्रवेश गरेको बाढीले भोटेकोशी र त्रिशूली नदी नजिकका ९ बैंकमा क्षति पु-याउँदा २४ जना कर्मचारी सम्पर्कबाहिर छन् । बाढीले स्याफ्रुबेँसी, नौमुरे र टिमुरेमा रहेका विभिन्न नौवटा बैंकका शाखा बगाएको छ ।

बाढीका कारण २४ जना कर्मचारी सम्पर्कबाहिर रहेको नेपाल बैंकर्स एसोसिएसनका अध्यक्ष सन्तोष कोइरालाले बताए । बाढीले नबिल, ग्लोबल आइएमई, प्रभु, नेपाल इन्भेष्टमेन्ट मेगा, एनएमबि, सानिमा, हिमालयन, माछापुच्छे र लक्ष्मी सनराइज बैंक, कृषि विकास बैंकका शाखा बगाएको हो ।

'सबै बगाएको छ, केही पनि छैन, खण्डहर भएको छ,' उनले भने, 'सुरुमा ३० जनाहाराहारी सम्पर्कबाहिर हुनुहुन्थ्यो, अहिले ६ जनाजति सम्पर्कमा आइसक्नुभयो, २४ जना सम्पर्कबाहिर हुनुहुन्छ, आशा छ भोलिसम्म सम्पर्कमा आउनुहुनेछ ।'

बुधबार उद्धार र राहतमा मात्रै लागिएको भन्दै अध्यक्ष कोइरालाले बिहीबारदेखि क्षतिका अन्य विवरण संकलन तथा मूल्यांकन गरिने जानकारी दिए ।

## ● प्राधिकरणका आयोजनाका १९६ जना सम्पर्कबाहिर

विद्युत् प्राधिकरणका आयोजनाका मात्रै १९६ जना सम्पर्कविहीन छन् । निर्माणाधीन त्रिशूली ३ बी जलविद्युत्का २१ कर्मचारीहरु सम्पर्कमा छैनन् । यसैगरी, चिलिमेको पावर प्लान्टका ६ र आवास क्षेत्रका एक कर्मचारी पनि सम्पर्कमा आएका छैनन् ।

चिलिमे जलविद्युत् कम्पनीबाट त्रिशूली ३ बीमा कार्यरत ११ जना, रसुवागढी जलविद्युत्का ९२ जना, त्रिशूली-३ 'ए' को पावरहाउसका ४५ जना, त्रिशूली र देवीघाट जलविद्युत्मा कार्यरत एक-एकजना, चिलिमेको स्विचयार्डमा काम गर्ने एक र सोही वितरण केन्द्रको एक मिटर रिडर पनि सम्पर्कमा छैनन् । यस्तै, त्रिशूली २२० केभी ३ बी हब सबस्टेसनमा ठेकेदारका १६ जना कामदार पनि सम्पर्कविहीन रहेका छन् । निजी क्षेत्रबाट अघि बढाइएको आयोजनाका कामदार पनि सम्पर्कविहीन छन् । २१६ मेगावाटको अपर त्रिशूली १ मा आठ कोरियन नागरिक र १० जना कर्मचारी सम्पर्कविहीन छन् । यस्तै, २० मेगावाटको लाङटाङ खोला जलविद्युत् आयोजनाका २५ जना कर्मचारी र ३५ जना कामदार सम्पर्कविहीन छन् ।

## ● रसुवामा विद्युत् सेवा पूर्ण रूपमा अवरुद्ध

विद्युत् प्राधिकरणका अनुसार रसुवामा विद्युत् सेवा पूर्ण रूपमा अवरूद्ध भएको छ । रसुवा बाढीले सबैभन्दा धेरै क्षतिग्रस्त भएको जिल्ला हो । नुवाकोट, धादिङ र गोरखामा भने आंशिक रूपमा विद्युत् सेवा अवरूद्ध छ । धादिङ जहरेमा ३३ केभीको सबस्टेसन पाँच फिट अग्लो लेदो जमेका कारण अवरूद्ध छ । यसैगरी, विभिन्न ठाउँमा पोल तथा ट्रान्सफर्मर पनि क्षतिग्रस्त भएका छन् ।

प्राधिकरणका प्रवक्ता राजन ढकालले गोरखा, धादिङ र नुवाकोटमा सकेसम्म चाँडै विद्युत् सेवा सुरू हुने बताए । तर, रसुवाको हकमा भने समय लाग्ने बताइएको छ । धादिङको जहरे ३३ केभी सबस्टेसनको लेदो हटाउने काम जारी रहेको प्राधिकरणले भनेको छ ।

## ● ७ असोजदेखि फ्लाई दुबईले पोखरामा व्यावसायिक उडान भर्ने

संयुक्त अरब इमिरेट्स (युएई)को वायुसेवा कम्पनी फ्लाई दुबईले पोखरा अन्तर्राष्ट्रिय विमानस्थमा आगामी ७ असोज अर्थात २३ सेप्टेम्बरदेखि दैनिक व्यावसायिक अन्तर्राष्ट्रिय उडान भर्ने भएको छ। कम्पनीले सुरुमा एक महिना पोखरा-दुबई, दुबई-पोखरा उडान भर्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)बाट गत जेठ अन्तिम साता अनुमति पाएको थियो।

उडान सुरु गर्ने मिति नजिकिएसँगै उडानलाई नियमित र दिगो रूपमा लैजान पोखराका पर्यटनसहित अन्य व्यवसायी र नेपालका लागि युएईका राजदुतबीच छलफल भएको छ। पोखराबाट गएको व्यवसायीहरूको टोली नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा)का केन्द्रीय अध्यक्ष भरतजंग पाण्डेलाई साथमा लिएर राजदूतसँग दुतावासमा छलफल गरेका हुन्।

भेटका क्रममा राजदुत अब्दुल्लाह बिन साइद मुबारक जरवान अल साम्सीले हवाईमार्गबाट पोखरा-दुबई सिधा उडानबारे आफू उत्साहित रहेको बताए। हवाई मार्गबाट दुई देश सिधा जोडिँदा सम्भावनाका धेरै ढोकाहरु खुल्ने बताउँदै उनले यसको दिगोपनका लागि दुबै देशका व्यवसायीको भूमिका महत्वपुर्ण रहने बताए। उडानलाई नियमित बनाउन यूएईका व्यवसायीसँग आफूले समन्वय र सक्दो सहयोग गर्ने उनले आश्वासन दिए।

व्यवसायीको टोलीमा रहेका पोमनारायण श्रेष्ठले पोखरा-दुबई उडानलाई नियमित र दिगो बनाउन सके आर्थिक रूपमा पोखरा र गण्डकी प्रदेश मात्र नभएर नेपालकै लागि फाइदा हुने बताए। होटल संघका अध्यक्ष लक्ष्मण सुवेदीले सिधा अन्तर्राष्ट्रिय उडानले पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन बजारसँग प्रत्यक्ष जोड्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

भेटका क्रममा व्यवसायीहरूले रोजगारीका लागि दुबई जाने कामदारहरूका लागि लागू गरिएको 'प्रहरी चारित्रिक प्रमाणपत्र' प्रकृया हटाउन, सम्भव नभए पर्यटक भिसामा दुबई जाने नेपालीहरूलाई अनिवार्य नगर्ने व्यवस्था मिलाउन आग्रह गरे। अनिवार्य रहेको यो व्यवस्था हटाउन सके नेपालबाट दुबई जाने पर्यटकहरूलाई सहज हुने र त्यसको फाइदा उडानलाई हुने पोखरेली टोलीको तर्क थियो। टोलीको आग्रहपछि राजदूतले यसलाई हटाउन आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने बताए।

फ्लाई दुबईले आउँदो ७ असोजदेखि ७ कार्तिकसम्म अर्थात २३ सेप्टेम्बरदेखि २४ अक्टोबरसम्म दैनिक उडान भर्ने गरी अनुमति पाएको हो। उडान अनुमतिसँगै क्यानले दुबई-पोखरा, पोखरा-दुबईको उडान तालिकासमेत दिएको छ। १५६ सिटे एयर बसमार्फत करिब पाँच घण्टाको उडानपछि दुबई-पोखरा, पोखरा-दुबई पुग्न सकिने छ।

क्यानले एक महिनाका लागि अनुमति दिएपनि यात्रा गर्ने यात्रुको कारण ६ महिना अर्थात अंग्रेजी महिना मार्चसम्म टिकट बुकिङ खुल्ला भएको पोमनारायण श्रेष्ठले बताए।

## ● नेपाल लाइफको दुईदिने बिजनेस एक्सिलेन्स कन्फरेन्स सम्पन्न

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको दुईदिने 'बिजनेस एक्सिलेन्स कन्फरेन्स' सम्पन्न भएको छ। 'बिजनेस एक्सिलेन्स कन्फरेन्स' काठमाडौंस्थित होटेल याक एन्ड यतीमा भदौ १ र २ गते सम्पन्न भएको हो। सम्मेलनमा देशभरबाट सेल्स तथा मार्केटिङ क्षेत्रमा कार्यरत २५० भन्दा बढी कर्मचारीको सहभागिता रहेको थियो। कम्पनीका वरिष्ठ सञ्चालकद्वय कमलेशकुमार अग्रवाल र विमलप्रसाद ढकाल, सञ्चालक प्रवीणप्रकाश क्षेत्री तथा प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रवीणरमण पराजुलीले संयुक्त रूपमा पानसमा दीप प्रज्वलन गरी सम्मेलनको उद्घाटन गरेका थिए।

समारोहलाई सम्बोधन गर्दै वरिष्ठ सञ्चालक कमलेशकुमार अग्रवालले नेपाल लाइफले २५ वर्षको गौरवपूर्ण यात्रा पूरा गर्दै नेपाली जीवन बिमा क्षेत्रमा विश्वास, स्थायित्व र नेतृत्वको विशिष्ट इतिहास निर्माण गरेको बताए। उनले आर्थिक वर्ष ०८२/८३ मा कम्पनीले १३ अर्ब रूपैयाँभन्दा बढी प्रथम बिमा शुल्क (एफपिआई) संकलन गरी अर्को ऐतिहासिक उपलब्धि हासिल गरेको उल्लेख गरे । उनले उक्त उपलब्धिका लागि कम्पनीसँग आबद्ध सम्पूर्ण कर्मचारी तथा हितधारकलाई धन्यवाद दिँदै आगामी दिनमा पनि उच्च उत्साह, समर्पण र प्रतिबद्धताका साथ अघि बढ्न आग्रह गरे । प्राप्त उपलब्धिलाई निरन्तर कायम राख्न सामूहिक प्रयास, मिहिनत र सहकार्य आवश्यक रहेको उनको भनाइ थियो।

## ● सुदूरपश्चिममका अलपत्र बहुवर्षीय योजनाको ठेक्का तोड्ने तयारी

सुदूरपश्चिम प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले लामो समयदेखि अलपत्र अवस्थामा रहेका समस्याग्रस्त बहुवर्षीय योजनाको ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाएको छ । त्यसका लागि मन्त्रालयले बहुवर्षीय ठेक्काको अवस्था अध्ययन गरेर सुझावसहितको प्रतिवेदन पेस गर्न समिति गठन गरेको छ ।

नवनियुक्त भौतिक पूर्वाधार विकासमन्त्री ओमविक्रम भाट 'सरल'ले सोमबार पदभार ग्रहण गर्दै मन्त्रालयमातहतका बहुवर्षीय ठेक्काको अवस्था अध्ययन गर्न समिति गठन गर्ने निर्णयमा हस्ताक्षर गरेका छन् । मन्त्रालयको प्रादेशिक सडक तथा यातायात व्यवस्थापन महाशाखा प्रमुख सिनियर डिभिजनल इन्जिनियर रामचन्द्र खत्री संयोजक र मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुखहरु समितिको सदस्य छन् ।

समितिले एक महिनाभित्र दिने सुझावसहितको प्रतिवेदनका आधारमा समस्याग्रस्त योजनाको ठेक्का तोड्ने प्रक्रिया अगाडि बढाइने मन्त्रालयका सचिव विष्णु भण्डारीले बताए । वर्षौंदेखि काम अलपत्र रहेका र ५० प्रतिशतभन्दा कम भौतिक प्रगति भएका योजनाको ठेक्का तोड्न लागिएको उनले जानकारी दिए । सचिव भण्डारीका अनुसार मन्त्रालयमातहत हाल एक सय ८२ वटा बहुवर्षीय योजनामध्ये ३० वटा समस्याग्रस्त भनेर पहिचान गरिएको छ । तीमध्ये अधिकांश सडक, पुल निर्माणका योजना छन् । काम भइरहेकामा पनि धेरैजसो बहुवर्षीय योजनाको प्रगति अपेक्षित नरहेको मन्त्रालयले जनाएको छ । आर्थिक वर्ष ०७५/७६ मा ठेक्का लागेर दुई-तीन वर्ष निर्माण अवधि रहेका योजनाको काम अझै अधुरै छ ।

म्याद थप हुँदा पनि निर्माण व्यवसायीले काम नगरेका, लागत अनुमान वास्तविक नभएका, 'भेरिएसन' गर्नुपर्ने र बजेटको व्यवस्थापन गर्न नसकिएका कारण ५० प्रतिशतभन्दा कम भौतिक प्रगति भएका ३० वटा बहुवर्षीय योजना रूग्ण अवस्थामा रहेको प्रारम्भिक रूपमा पहिचान गरिएको छ । समितिले गर्ने अध्ययनबाट ठेक्का तोड्नुपर्ने थप आयोजना यकिन हुने मन्त्रालयले जनाएको छ ।

प्रदेशका नौवटै जिल्लाका एक-एकवटा गरी नौवटा सडकलाई प्रदेश गौरवका योजनामा राखेर आर्थिक वर्ष ०७५/७६ बाट विभिन्न खण्डमा निर्माणको थालनी गरेको थियो । हालसम्म प्रदेश गौरवका कुनै पनि सडकले पूर्णता पाएको छैन । कतिपय खण्डको काम पटक-पटक म्याद थप गर्दा पनि अधुरै छ ।

बजेट अभावले पनि कतिपय योजना कार्यान्वयनमा समस्या भइरहेको प्राविधिक बताउँछन् । गत आर्थिक वर्षमा मात्र सरकारले भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत ७१ वटा बहुवर्षीय योजना थप गरेको थियो ।

## ● कामना सेवा विकासको साधारणसभा ३१ भदौमा

कामना सेवा विकास बैंकको २०औँ वार्षिक साधारणसभा ३१ भदौ ०८३ का लागि आह्वान गरिएको छ । साधारणसभाले गत आर्थिक वर्ष ०८२/८३ को सञ्चित मुनाफाबाट बैंकका अग्राधिकार सेयरधनीलाई नौ प्रतिशत तथा आफ्ना सेयरधनीलाई चुक्ता पुँजीको १५ प्रतिशत (करसमेत) नगद लाभांश पारित गर्ने एजेन्डा तय भएको छ । त्यस्तै, सभाले लेखा परीक्षकको प्रतिवेदनसहित गत आवको वार्षिक वित्तीय विवरणलगायतका विभिन्न अनुसूची पारित गर्ने र लेखा परीक्षक नियुक्त पनि गर्नेछ । लाभांश तथा साधारणसभा प्रयोजनका लागि बैंकले १८ भदौमा बुक क्लोज गर्ने निर्णय गरेको छ । १७ भदौसम्म कायम सेयरधनीले मात्रै बैंकको लाभांश पाउनेछन् । गत वर्ष बैंकले बोनस सेयर तथा नगद गरी कुल १५.७८ प्रतिशत लाभांश वितरण गरेको थियो ।

## ● प्रभु महालक्ष्मीको क्लब एचिभर्स अवार्ड

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले चियरम्यान तथा सिइओ क्लब एचिभर्स अवार्ड कार्यक्रम गरेको छ । कार्यक्रम ४ देखि ७ भदौसम्म पोखरामा गरिएको हो । जसमा गत आव ०८२/८३ मा उत्कृष्ट व्यवसाय गर्ने अभिकर्तालाई कम्पनीको उच्च तह चियरम्यान क्लब तथा दोस्रो उच्च तह सिइओ क्लब अवार्डबाट सम्मानित गरिएको थियो । कार्यक्रममा कम्पनीका सञ्चालक समिति सदस्य, व्यवस्थापक, अभिकर्ता गरी दुई सयजनाको उपस्थिति थियो ।

कम्पनी सञ्चालक समिति अध्यक्ष सम्झना अर्यालले उत्कृष्ट व्यवसाय गरी सम्मानित हुने सबै अभिकर्तालाई बधाई दिइन् । उनले आगामी दिनमा पनि कम्पनीले व्यवसाय गर्न साथ-सहयोग दिने बताइन् । त्यसैगरी, प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष प्रसाईंले अभिकर्ताको सफलतालाई उत्सवका रूपमा सम्मान गर्न पाउनु कम्पनीका लागि गर्वको विषय रहेको बताए । टिमवर्कले नै सफलता सम्भव हुने उल्लेख गर्दै आगामी वर्ष थप सफलता हात पर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा आचार्य राजाबाबु साहको 'पावर अफ माइन्ड सेट फर बिजनेस ग्रोथ ट्रेनिङ' सेसन पनि राखिएको थियो । त्यस्तै, अभिनेता प्रदीप खड्काले आफ्नो संघर्ष र सफलताबारे प्रस्तुति दिएका थिए ।

## ● टाटाका सवारीसाधन किन्न मुक्तिनाथ बैंकले कर्जा दिने

मुक्तिनाथ विकास बैंकले टाटाका सवारीसाधन खरिद गर्न कर्जा दिने भएको छ । यसका लागि बैंक र नेपालमा टाटा गाडीको आधिकारिक विक्रेता सिप्रदी ट्रेडिङ प्रालिबिच सम्झौता भएको छ । समझदारीपत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत (सिइओ) तारा मानन्धर र सिप्रदीका तर्फबाट उपाध्यक्ष सौरभराज थपलियाले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार सिप्रदीका अधिकृत डिलरमार्फत टाटा ब्रान्डका पिकअप तथा व्यावसायिक साना सवारीसाधन खरिद गर्ने ग्राहकलाई यस बैंकले आफ्ना एक सय ७६ वटै शाखा कार्यालयबाट सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनेछ ।

इभी गाडीतर्फ ६० प्रतिशत तथा आइस इन्जिन सवारीसाधनका लागि ७० प्रतिशतसम्म कर्जा सुविधा उपलब्ध हुने समझदारीपत्रमा उल्लेख छ । यस सहकार्यबाट व्यावसायिक सवारीसाधन खरिद गर्न चाहने ग्राहकलाई सहज वित्तीय पहुँच प्राप्त हुने तथा व्यवसाय विस्तारमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## एक पटकको...

हुन सक्छ, भाद्र २३ र २४ गतेको घटनामा रास्वपाका धेरै नेता र कार्यकर्ताहरु संलग्न रहेका र उनीहरूलाई छानविनको दायरामा ल्याउनुपर्ने भएकाले छानविन र अनुसन्धान गर्न बालेन सरकार तयार देखिँदैन ।

रास्वपाका सभापति रवि लामिछाने सहकारी ठगी काण्डमा अदालतको आदेशअनुसार पुर्पक्षका लागि थुनामा थिए तर उनलाई भाद्र २३ गते रास्वपा नेता सहितका कार्यकर्ताहरूले जेलमुक्त गराएका थिए । भाद्र २४ गतेको विध्वसात्मक कार्य हुँदासम सिंहदरबारभित्रै रहेको सेनाको गणमा रहेका सैनिकहरु चुपचाप बसे भने सिंहदरबारमा आगो लगाईसकेपछि काठमाडौ महानगरमा भएका दमकलहरूलाई समेत आगो निभाउने कार्यमा प्रयोग गरिएन त्यस बेला बालेन साह नै मेयर रहेका र उनको आदेश विना दमकल प्रयोग हुन नसकेको उद्घोष महानगरले गरेको थियो ।

त्यही भाद्र २३ र २४ गतेको षड्यन्त्रपूर्वक कार्यलाई जनतासामू लान रास्वापा र बालेन साह सफल भए । त्यसै कारणले गर्दा रास्वपा गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा झण्डै दुई तिहाईमत पाएको थियो । रास्वपामा बालेन साह लगायत सिंहदरबार लगायतमा आगजनी भएपछि 'देखिस् ओली' सिंहदरबारमा आगो लगाईदिऔँ भन्दै नाँचगान गर्नेहरु सबै रास्वपाकै भएको र अन्य केही व्यक्तिहरु समेत बालेनसँगै रास्वपामा प्रदेश गरेर संसदीय निर्वाचनमा गएका हुनाले रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो ।

बालेन साहको प्रतिशोधपूर्ण राजनीति र सरकार सञ्चालनले गर्दा पछिल्लो समयमा रास्वपाको विरोधमा जनता सडकमा उत्रिएका छन् भने बालेन साह नेतृत्वको सरकारप्रति जनताले विरोध जनाईरहेका छन् । बालेन सरकारले पुराना भनिएका राजनीतिक दलहरु नेपाली कांग्रेस, नेकपा एमालेसहितका दलका नेताहरूलाई प्रतिशोधपूर्ण कार्य गरिरहेको भएपनि बालेन सरकारको निसानामा भने नेकपा एमालेका अध्यक्ष बढी परेका छन् । पुराना र नयाँ भनिने दलहरूका नेताहरूको सोँच नै गलत रहेको छ । जनताले राजनीतिक दलहरूको हैसियत ठुलो सानो बनाईदिने हुन् । जसरी २०६० सालमा माओवादी सबैभन्दा ठुलो दल बनेको थियो तर त्यसपछि भएका प्रायः सबै निर्वाचनमा उ तेस्रो, चौथो दलमा खुम्चिन पुगेको थियो ।

अहिले रास्वपा सबैभन्दा ठुलो दलपनि उसको सोँच विचार भने प्रतिशोधको राजनीतिमा मात्र सिमित भएको र उसैको नेतृत्वको बालेन सरकारले जनतालाई डेलिभरी दिन नसकेको, सुकुम्बासीहरुमाथि अमानवीय व्यवहार गरेको लगायतका अन्य धेरै विषयहरु सडकमै छताछुल्ल भएकाले रास्वपाको हैसियत दिनानुदिन खस्किँदै गएको छ ।

एउटा निर्वाचनमा कुनै दललाई ठुलो पार्टी बनाईदिएर सत्ता सञ्चालनको जिम्मेवारी जनताले दिए भन्दैमा त्यो सँधैका लागि हुन सक्दैन भन्ने इतिहास नेपालमै जिवितै रहेको छ भने बहुमत हुँदाहुँदा आफ्नो नेतृत्वको सरकार ढलेको इतिहास पनि नेपालमै रहेकाले गर्दा र षड्यन्त्रपूर्ण तवरबाट भाद्र २३ र २४ गतेको घटना घटाइएको हुनाले त्यो विषय जनताले बुझ्ने वित्तिकै रास्वपाको हालत र बालेन साहको हालत कस्तो होला ?

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउन सुधन गुरूङले भाद्र २३ गतेको विरोध प्रदर्शन गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौमा गुरूङसहित पुरूषोत्तम यादवले निवेदन दिएका र सोही निवेदन आधारमा प्रदर्शन गर्न अनुमति दिएकाले त्यसको जिम्मेवारी सुधन गुरूङले लिनुपर्ने कि नपर्ने ? अहिले तिनै गुरूङ गृहमन्त्री रहेका हुनाले उनीमाथि कारबाही नभएपनि भविष्यमा भने उनी कानुनी दायरामा आउनैपर्दछ । अहिले यादव समेत रास्वपाकै केन्द्रीय सदस्य रहेका छन् त्यसैले प्रष्ट हुन्छ भाद्र २३ र २४ गतेको घटनाको षड्यन्त्रपूर्वक ढँगले गराइएको थियो भनेर । सुधन गुरूङले आफैँलाई निर्वाचित गराउने जनतालाई भोट फिर्ता लैजान समेत भन्न भ्याएका छन् । नेतृत्वमा सरकार गठन गरेको थियो । २०८२ भाद २३ र २४ गते भएको दुःखद घटनामा संलग्न रहेकाहरु प्राय सबै रास्वपामा प्रवेश गरेका र उनीहरूले पूराना दलहरूले भ्रष्टाचार बढाएको डेलिभरी दिन नसकेको अनि भाद्र २३ गतेको विरोध प्रदर्शनमा गोली चलाएर विद्यार्थीहरूको हत्या गरेको आरोप तत्कालिन केपी ओली नेतृत्वको सरकारलाई लगाएर जनताको मत लिन सफल भएका थिए ।

२०८२ भाद्र २३ र २४ गतेको घटनाकै कारण नयाँ भनिएका तर पुरानै दल रास्वपाले भाद्र २३ र २४ गतेको घटनालाई जनताको नजरमा पूराना भनिएका दलहरूकै कारण भएको भाष्य बनाउन सकेको हुनाले मात्र रास्वपाले झण्डै दुई तिहाई मत पाएको हो ।

बालेन सरकार गठन भएको ५ महिना पुग्न लागेको छ । यसबीचमा पनि बालेन सरकारले जनतामाथि गोली चलाएको छ । गत श्रावणमा सुनसरी लगायतका मधेश प्रदेशका जिल्ला सुरक्षाकर्मी गोली लागेर ४ जनाको निधन भएको छ तर बालेन सरकारले त्यसको जिम्मेवारी लिएको छैन । २०८२ भाद्र २३ मा तत्कालिन केपी ओली नेतृत्वको सरकारले गोली चलाएर जनता मारेको आरोप लगाउने रास्वपाले आफ्नो नेतृत्वको सरकारले समेत गोली चलाएर जनता मारेको विषयमा मौन रहनुको अर्थ के ? के रास्वपाले सत्ता हत्याउनकै लागि मात्र तत्कालिन ओली सरकारमाथि गोली चलाएको आरोप लगाएको थियो भने आफ्नो नेतृत्वको सरकारले समेत गोली चलाएर जनता मार्दा किन सरकारमाथि जनताको हत्या गरेको आरोप लगाउन चाहेन त ? अब त्यसको उत्तर रास्वपा नेतृत्वले जनतालाई दिनुपर्दछ ।

अहिलेको अवस्था भनेको पुरानो राजनीतिको संस्कृतिलाई प्रतिस्थापना होइन केबल नयाँ अनुहारमा भई रहेको पुरानै प्रवृत्ति मात्र हो । त्यसैले वास्तविक विकल्पको मापन दल कति पुराना र नयाँ छन् भन्ने आधारमा होइन उसले राजनीतिमा कति नयाँ विचार दिन सक्छ, नयाँ संस्कार र नयाँ कार्य सम्पादन स्थापित गर्न सक्छ भन्ने आधारमा मापन गरिनु उपर्युक्त हुनेछ । पुराना र नयाँ दुवै दलहरूलाई चेत होस् भिडले क्षणिक रूपमा ताली र हुटिङ त दिन सक्छ तर मुलुक चलाउन परिपक्क नीति, दुरदर्शिता र विधिको शासन व्यवस्था नै चाहिन्छ । डिजिटल स्पेसमा जारी विचार शुन्य, हिलो छ्यापाछ्यापले कसैलाई पनि सखाप बनाउन सक्छ । त्यसैले सम्वादको राजनीतिलाई गोलीको संस्कृत्तिबाट मुक्त गरी पुर्नविचार, एजेण्डा र डेलिभरीको धरातलमा फर्किनु आजको आवश्यकता हो । प्रधानमन्त्रीले आफ्नो फेसबुकमा लेख्ने गरेर, गाली गलौज गरेर ताली त बज्ला तर त्यसले देशको राजनीतिलाई अगाडि बढाउन सक्ने सम्भावना नै देखिँदैन । त्यसैले राजनीतिक रूपमा प्रधानमन्त्री बालेन नै सच्चिएर सबै दलको सहयोग र समर्थनमा अघि बढेमात्र बालेन सरकारको भविष्य सुरक्षित हुन सक्छ । अहिलकै अवस्थामा बालेन सरकारको भविष्य अधिकार रहेको जस्तो देखिन्छ ।

## चिनियाँ...

प्रमाण संसद र नेपाली जनतालाई दिनु किन नपर्ने ? विपक्षी दलहरूले पटक पटक संसदबाटै प्रधानमन्त्रीसँग उत्तर मागेपनि पनि उनी उत्तर दिन तयार नदेखिएपछि सभामुख डोल प्रसाद अर्यालले समेत मुख खोल्दै प्रधानमन्त्रीलाई संसदमा उपस्थित भएर सांसदहरूले उठाएका प्रश्नको जवाफ दिनु रूलिङ गर्नु परेको थियो ।

बालेन काठमाडौ महानगरको मेयर रहेको बेला उनले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदन्छु भन्ने स्टाटस लेखेका थिए । तर तत्कालिन केपी ओली नेतृत्वको सरकारले उनलाई त्यस विषयमा सोधखोज सम्म गरेन आखिरी किन ? के सामान्य व्यक्तिले त्यस्तो स्टाटस लेखे सरकार मौन रहन्छन् त ?

भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि बालेनले किन अब नेपाली सेनाका प्रधान सेनापतिसँग वार्ता गर भनेर आन्दोलनकारीहरूलाई स्टाटस मार्फत निर्देशन दिए त्यस विषयमा अनुसन्धान हुनुपर्ने कि नपर्ने ? अहिले तिनै बालेन साह प्रधानमन्त्री रहेका छन् भने उनी रास्वपाको वरिष्ठ नेतासमेत रहेकाले यदि रास्वपाले आफ्नो पार्टीको हैसियत बचाउने हो भने बालेन साहसँग त्यस विषयमा स्पष्टीकरण लिनुपर्दछ । यदि होइन भने रास्वपाकै कारण भाद्र २४ गतेको विध्वसात्मम कार्य भएको थियो भन्ने मानिनुपर्दछ ।

## १८ करोडको...

शक्तिशाली हिमपहिरो (ग्ल्यासियर कोल्याप्स) गएको थियो । सोही कारणले सिर्जना भएको ठूलो लेदोसहितको पहिरोका कारण रसुवागढी–केरूङ सीमा क्षेत्रका दुवै देशतर्फ ठूलो जनधनको क्षति भएको दूतावासले जनाएको छ ।

दूतावासका अनुसार प्राकृतिक विपत्तिमा परी नेपाल र चीन दुवैतर्फका नागरिक हताहत भएका छन् भने केही व्यक्ति अझै बेपत्ता छन् । दूतावासले विपद्को घडीमा एकअर्कालाई दोषारोपण गर्नुको सट्टा मिलेर काम गर्नुपर्ने सन्देश दिएको छ । 'आरोपले केही मद्दत गर्दैन, सहकार्यले ज्यान बचाउँछ,' दूतावासले आ^नो पोस्टमा लेखेको छ ।

## जनतालाई...

बालेन साह पक्षीय व्यक्तिहरु नयाँ हुन भनिएतापनि बालेन समेत काठमाडौ महानगरको मेयर भैसकेका र जनताले उनको कार्यसम्पादन समेत देखिसकेका हुनाले रास्वपालाई कुनै सर्तमा नयाँ पार्टी भन्न सकिने अवस्था देखिँदैन भने अहिले बालेन नै रास्वपाको वरिष्ठ नेता समेत रहेकाले यस अघि रास्वपाले गरेका कार्यको जस तथा अपजसको भारी समेत प्रधानमन्त्री बालेनले बोक्नुपर्दछ । पुराना भनिएका दलका शिर्ष नेता र पुराना दललाई समर्थन गर्नेहरूलाई झोले हुन् भन्ने प्रधानमन्त्री बालेनले बोक्नुपर्दछ । पुराना भनिएका दलका शिर्ष नेता र पुराना दललाई समर्थन गर्नेहरूलाई झोले हुन् भन्ने प्रधानमन्त्री बालेनले जनतालाई भनिदिनुपर्‍यो तपाई र रास्वपालाई समर्थन गर्ने र मतदान गर्नेहरु झोले हुन् कि महाझोले ? जनतालाई झोलेको उपमा दिने अधिकार बालेनलाई छैन । त्यसैले गाली गलौजको राजनीति बन्द गर बालेन ।

## जेनजीहरुको...

होइन । २०८२ भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनमा भएको भनिएको दमन र भाद्र २४ गते भाद्र २३ गते विरोध प्रदर्शनलाई टेकेर मात्र रास्वपाले संघीय संसदमा झण्डै दुई तिहाई मत पाएको हो ।

भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनलाई रास्वपलो समर्थन गरेको थियो । त्यही कराणले गर्दा सहकारी ठगी प्रकरणमा अदालतलको आदेश अनुसार पुर्पक्षका लागि जेलमा रहेका रास्वपाका सभापति रवि लामछिनेलाई जेलमुक्त गराईएको थियो । आन्दोलनकारीहरूले सरकार बदल्ने र लामिछानेलाई जेलमुक्त गर्ने तयारी नै गरेका थिएनन् ।

विद्यार्थी भाइबैनीहरूलाई आन्दोलनमा अघि सारेर पर्दा पछाडिबाट अन्य व्यक्तिहरूले आन्दोलनलाई उग्र बनाएर संसद भवन भत्काउन थालेपछि सुरक्षाकर्मीले गोली चलाएको छानविन समिति र मानवअधिकार आयोगको अनुसन्धानले देखाएको छ । यी सबै कारणहरु गर्दा भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यको छानविन र अनुसन्धान हुनुपर्ने आवश्यकता देखिन्छ ।

भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यमा संलग्न रहेकाहरु प्रायः सबै भाद्र २३ पछि रास्वपाका प्रवेश गरेका र काठमाडौ महानगरका तत्कालिन मेयर बालेन साह समेत रास्वपामा प्रवेश गरेर सांसद पदमा निर्वाचित भएका हुनाले उनी प्रधानमन्त्री बन्न सफल भएका हुन् । बालेन साहले त्यसबेला लेख्ने गरेका स्टाटस र अहिले लेख्दै आएका स्टाटसले गर्दा पुराना भनिएका दलहरु प्रति प्रधानमन्त्री साह नै सक्रिय रूपमा विरोधमा लागेको जस्तो देखिन्छ । उनी पछिल्लो समयमा प्रतिशोधको राजनीतिमा सक्रिय भएका छन् ।

## अहिलेकै...

पार्टीका अन्य नेताहरु समेत महाधिवेशनबाटै निर्वाचित भएका हुनाले पार्टीले गरेका राम्रा र नराम्रा कामको जिम्मेवारी नेतृत्वले मात्र होइन सिंगो कमिटीले नै लिनुपर्दछ ।

पार्टी पुर्नगठन कि पुर्नजागरण भन्ने विषय कुनै व्यक्तिको इच्छामा नभएर केन्द्रीय कमिटीले निर्णय गर्ने विषय भएकाले अहिले पार्टी पुर्नगठन भन्ने मुद्दालाई उचालि रहनुको कुनै औचित्य देखिँदैन । मुलुक संकटतर्फ धकेलिरहेको अवस्थामा पार्टी जनतासामु गएर जनतालाई आफ्नो पक्षमा पार्दै जनतालाई जागरूक बनाउनुको सट्टा नेतृत्व फेर्ने बहस चलाउनु कुनै हालतमा पनि एमालेका लागि हितकर हुन सक्दैन ।

जुनसुकै पार्टीमा पनि केन्द्रीय समितिको निर्णय नै सर्वमान्य हुने भएकाले अब नेकपा एमालेले केन्द्रीय समितिको बैठक बोलाएर सो बैठकबाटै निर्णय लिनु उपर्युक्त हुनेछ । अहिलेको नेतृत्वलाई पाखा लाएर केही व्यक्तिहरूले आफ्नो स्वार्थ पूरा गर्न खोजेपनि एमालेमा अवको नेतृत्व को हो ? भन्ने टुँगो छैन । एमालेका पदाधिकारीहरुभित्र एकमत हुन नसकेको र एकले अर्कोलाई विश्वास गर्न सक्ने अवस्था नदेखिएकोले मुलुक र जनताको हितका लागि एमालेले नेतृत्वको विवाद गर्नुभन्दा जनताकहाँ पुगेर जनतालाई जागरूक बनाउँदै अर्को निर्वाचनमा बहुमत ल्याउने कार्यलाई प्राथमिकतामा राखेर अघि बढ्नु नै उपर्युक्त विकल्प हुनसक्छ ।

एउटा निर्वाचनमा पराजित हुँदैमा पार्टी समाप्त हुँदैन भन्ने प्रमाण त पुराना भनिएका कांग्रेस, एमालेले पहिला पनि प्रमाणित गरिसकेका छन् । २०६० सालमा भएको निर्वाचनमा कांग्रेस, एमाले कहाँ पुगेका थिए तर २०७९ मा भएको निर्वाचनमा उनीहरु जुरूक्कै उठेका थिए । त्यही कारणले गर्दा एक पटकको निर्वाचनमा पराजित भएको अवस्थालाई मध्यनजर गर्दै अर्को निर्वाचनमा जुरूक्कै उठ्ने मार्गतर्फ उन्मुख हुनुको सट्टा अहिले नेतृत्व परिवर्तन गर्न लाग्नु भनेको आफ्नै खुट्टामा बञ्चरो प्रहार गर्न सरह हुन सक्छ । अहिले एमालेमा नेतृत्व लिने कसले खोई नेतृत्व तयार गरेको त्यसैले नेतृत्व हटाउने कार्य तत्काल बन्द गरेकै राम्रो ।

## भाद्र २३ र...

दुई तिहाई मत ल्याएको हो । निर्वाचनका बेला पुराना भनिएका दलका नेता तथा कार्यकर्ताहरु खुलेर जनतासामु जान नसकेको र तत्कालिन अवस्थामा बालेन साहको क्रेज र भाद्र २३ गते काठमाडौमा १९ र इटहरीमा २ जनाको गोली लागेर निधन भएको विषय नै पुराना दलहरूको पराजयको मुख्य कारण थियो । कसको गल्ती र कसको निर्देशनमा त्यस्तो कार्य भएको थियो भन्ने बास्तविकता नै अनुसन्धान र छानविन नगरि एकलौटी ढँगमा पुराना दलहरूले मानिस मारे भन्ने भाष्य जनताकहाँ पुर्‍याउन भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्य गर्नेहरु सफल भएका हुनाले पुराना दलहरु निर्वाचनमा पराजित भएका हुन् ।

रास्वपा पनि एक किसिमले पुरानै दल थियो । रास्वपाका सभापति रवि लामिछाने दुई पटक उपप्रधानसहित गृहमन्त्री रहिसकेका थिए । उनी सहकारी ठगी सम्बन्धीमा अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा थिए । त्यहीबाट षड्यन्त्रको सुरूवात भएको थियो । भाद्र २३ को जेनजीहरूको विरोध प्रदर्शन गर्न हालका गृहमन्त्री सुधन गुरूङ र रास्वपाका केन्द्रीय सदस्य पुरूषोत्तम यादवले जिल्ला प्रशासन कार्यालय काठमाडौमा अनुमति माग्दै निवेदन दिएका थिए तर गुरूङले भाद्र २३ गतेको विरोध प्रदर्शनमा किन र केका लागि झुठ बोले त्यसको रहस्य विस्तारै खुल्दै छ । भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यमा संलग्न भएकाहरु सबै रास्वपामा रहेकाले २३ र २४ गतेको घटनाको जिम्मेवारी रास्वपाले लिनुपर्दछ ।

## बालेन...

गर्ने गरेका काम कारबाहीप्रति बालेन सरकार सन्तुष्ट हुन सकेको छैन त्यसको एउटै कारण हो सरकार ती आयोगहरूले आफूले भने जस्तो काम गरिदिउन् भन्ने बालेन सरकार चाहान्छ ।

विभिन्न आयोगहरूले आफूले पाएको अधिकार क्षेत्रभित्र बसेर काम गर्ने हुन् । उनीहरु सरकार भित्रका अङ्ग होइनन् तर बालेन सरकारले उनीहरूलाई निजामति कर्मचारी सरहको व्यवहार देखाउँदै आफूखुसी सञ्चालन गर्न चाहेकाले आयोगहरु र सरकारबीचमा अन्यौलता बढेको हो । निर्वाचनमा बहुमत ल्याउनु सरकार गठन गर्नु, लोकतान्त्रिक पद्दति भएपनि त्यही बहुमतको दम्भमा सम्वैधानिक निकायहरुमाथि सरकारले दवाव दिएर सरकारको निर्देशन पालना गर्न लगाउनु लोकतान्त्रिक पद्दति होइन । संविधानले दिएका अधिकारहरु प्रयोग गर्न जसरी मन्त्रिपरिषद् स्वतन्त्र छ त्यसरी नै आफूले पाएको अधिकारको प्रयोग गर्न आयोगहरु स्वतन्त्र रहेका छन् ।

प्रधानमन्त्री बालेन साहको सचिवालयमा रहेका व्यक्तिहरूलाई संविधान ऐन कानुनले चिन्दैन उनीहरु प्रधानमन्त्रीका सहयोगीहरुमात्र हुन् । उनीहरूले प्रधानमन्त्रीको निर्देशन अनुासर मात्र काम गर्ने हुन् । उनीहरूले सम्वैधानिक निकाय र सरकारको स्थायी संयन्त्र भनिने कर्मचारीतन्त्रमा हस्तक्षेप गर्न पाउँदैनन् । कर्मचारीहरूले आफ्नो जिम्मेवारी पूरा नगरेको खण्डमा उनीहरुमाथि कारबाही गर्ने अर्को सरकारी निकाय नै रहेको छ । सरूवा बढुवामा प्रधानमन्त्रीका निजी सचिवालयका सहयोगीहरु पछिल्लो समयमा हावी भएको कर्मचारी बृत्तले नै बताउँदै आएका छन् । प्रधानमन्त्रीले आफूसँग बहुमत रहेको अवस्थामा पनि त्यो बहुमत सदुपयोग गर्न सकेको देखिएन । सत्ता प्राप्त गर्न र सत्ता प्राप्ति गरेर सबैलाई मिलाएर सरकार सञ्चालन गर्नु अलग अलग विषय हुन् ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लगायत आयुक्तहरूलाई प्रधानमन्त्री कार्यालयमा बोलाएर उनीहरूलाई हप्कीदप्की गर्न र आफूहरूले भनेजस्तो निर्णय गराउन खोज्नु अनि प्रधानमन्त्री कार्यालयबाटै कर्मचारीलाई पत्राउ गर्न लगाउने बालेन सरकार झण्डै दुई तिहाई मतको सदुपयोग गर्नुको बदला त्यो दुइ तिहाईलाई दुरूपयोग गर्ने प्रयास गरेकाले बालेन सरकार सत्तामा रहँदा पनि सत्ताबाहिर रहेको जस्तो देखिएको छ ।


**साक्षर समाज-सक्षम राष्ट्र**

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो।

**शिक्षाः**

- आत्मनिर्भर बन्नका लागि,
- रोजगारी र अवसरको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि,
- धार्मिक सहिष्णुता र सम्मानको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
- आर्थिक सशक्तिकरणका लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौ • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार